# कीर्तिपुरमा अबस्थित भरियाहरुको सामाजिक, आर्थिक र पेशागत अबस्थाको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकि तथा सामाजिक विज्ञान संकाय अन्तरगत समाजशास्त्र बिषयमा एम.ए.तहको आंशिक आवश्यकता परिपूर्तिको लागि तयार पारिएको शोधपत्र


प्रस्तुतकर्ता

**श्रवण कुमार भट्ट**

रजिष्ट्रेशन नं.: ६-१-५४-६३९-९८

रोल नं. : ९६/२०६३



समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाण्डौं
२०६५

त्रिभुवन विश्वविधालय
मानविकी तथा सामाजिकशास्त्र संकाय
समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग
कीर्तिपुर, काठमाण्डौं

# सिफारीश पत्र

त्रिभुवन विश्वविधालयबाट समाजशास्त्र विषयको स्नातकोत्तर तह उपाधिको आंशिक आवश्यकता पूर्तिका लागि मेरो निर्देशन र सुपरिवेक्षणमा श्री श्रवण कुमार भट्टले **"कीर्तिपुरमा अबस्थित भरियाहरुको सामाजिक, आर्थिक र पेशागत अबस्थाको अध्ययन"** बिषयको यो शोधपत्र तयार पार्नु भएको हो । म उहाँको कार्यप्रति सन्तुष्ट छु र प्रस्तुत शोधपत्रको आवश्यक मुल्याङ्कनको लागि सिफारीस गर्दछु ।

...............................
फणीन्द्रेश्वर पौडेल
सह-प्राध्यापक
समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग
त्रिभुवन विश्वबिधालय कीर्तिपुर,काठमाण्डौं

मिति २०६६/५/२९

त्रिभुवन विश्वविधालय
मानविकी तथा सामाजिकशास्त्र संकाय
समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग
कीर्तिपुर, काठमाण्डौं

## स्वीकृति पत्र

त्रिभुवन विश्वविधालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तीका लागि श्री श्रवण कुमार भट्ट द्धारा तयार पारी प्रस्तुत गरेको **"कीर्तिपुरमा अबस्थित भरियाहरुको सामाजिक, आर्थिक र पेशागत अबस्थाको अध्ययन"** विषयको शोधपत्र स्नाकोत्तर तहको उपाधी प्राप्तीका लागि उचित ठहरिएकोले स्वीकृति प्रदान गरिएको छ ।

### शोधपत्र मुल्याङन समिति

विभागीय प्रमुख

.............................
डा. ओम गुरुङ्ग

शोधपत्र सुपरिवक्षक

.............................
फणीन्द्रेश्वर पौडेल

बाह्रय परीक्षक

.............................
डा. तुलसी राम पाण्डे

मिति २०६६/०७/२०

# कृतज्ञता ज्ञापन

सफलता प्राप्तिका लागि एकभन्दा बढी सिर्जनशील हातहरुको एकआपसमा सहयोग हुनु पर्दछ । प्रस्तुत शोधपत्र पनि उक्त कथनबाट टाढा रहन सकेको छैन । विविध पक्षहरुबाट मैले पाएको सहयोग, सुझाब तथा प्रेरणाको आधारमा नै यो शोधपत्र तयार पारिएको छ ।

त्रिभुवन विश्वविधालय मानविकि तथा सामाजिक विज्ञान सङ्काय, समाजशास्त्र/मानवशास्त्र केन्द्रिय शिक्षण विभाग अन्तगर्त समाजशास्त्र विषयको स्नातकोत्तर उपाधि प्राप्त मैले यस शोधपत्रलाई पेश गरेको छु ।

सर्वप्रथम, अति ब्यस्त हुदाँ हुदै पनि अमूल्य समय निकालेर यस शोधपत्र कार्यको सुपरिवेक्षण र निर्देशन गरिदिनु भएकोमा श्रद्धेय गुरुवर श्री फणीन्द्रेश्वर पौडेल प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै मैले आफ्नो अभिरुची अनुसार छनौट गरेको शीर्षकमा शोधपत्र लेख्न अनुमति दिनुको साथै अन्य विभागीय सहयोग समेत उपलब्ध गराइदिनु भएकोमा समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभागका विभागीय प्रमुख श्री डा. ओम गुरुङ्ग प्रति आभार प्रकट गर्दछु । त्यसैगरी शोधपत्रमा भएका कमि कमजोरीलाई औंल्याई यसलाई परिष्कृत गर्न आवश्यक सुझाब दिनुभएकोमा बाह्रय परीक्षक डा. तुलसी राम पाण्डे ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधपत्र लेख्न उत्साहित तथा सहयोग गर्नुहुने मेरो परिवार का सदस्यहरु बुवा मेघराज भट्ट मम्मी देवा भट्ट, श्रीमती सीता भट्ट , भाई अनिल भट्ट , मेरा छोरा, छोरी साथै अकंलहरु, दाजुहरु, साथिहरु र सम्पुर्ण शुभ चिन्तकहरु प्रति पनि धन्यबाद नदिईरहन सक्दैन ।

साथै आफ्नो काम लाई पनि केहि समय रोकि आफ्नो अमुल्य समय दिएर मेरा प्रश्नहरुको बिस्तृत तथा रोचक ढङ्गले उत्तर दिनुहुने कीर्तिपुर न.पा.का सम्पुर्ण भरियाहरु प्रति पनि कृतज्ञ छु ।

अन्तमा, यो शोधपत्र कम्प्युटर टाईपमा सहयोग गरिदिनुहुने आदरणीय साथिहरु वामदेब गौतम र यज्ञ नेपाली लाई पनि धन्यवाद दिन चाहन्छु । साथै यो शोधपत्र तयार गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपबाट सहयोग गर्नुहुने सम्पुर्ण महानुभाबहरु प्रति पनि आभारी छु ।

मिति : २०६६/५/३१ **श्रबण कुमार भट्ट**

# विषय-सूचि


**अध्याय एक : परिचय** १-५

१.१ अध्ययनको पृष्ठभूमि १
१.२ समस्याको कथन २
१.३ अध्ययनको उद्देश्य ४
१.४ अध्ययनको महत्व ४

**अध्याय दुई : पूर्व साहित्यको पुनरावलोकन** ६-१८

२.१ पूर्व अध्ययनको समिक्षा ६
२.१.१ श्रम र श्रमिक अबधारणा ६
२.१.२ श्रमको गतिशिलता ९
२.१.३ कामको स्थिति ११
२.१.४ गरिबहरुको सामाजिक, आर्थिक बिशेषता १३
२.२ अध्ययनको अबधारणागत संरचना १५
२.३ परिवर्त्यहरुको मापन १८

**अध्याय तीन : अनुसन्धान बिधि** २०-२२

३.१ अध्ययन क्षेत्र छनौटको औचित्य २०
३.२ अनुसन्धान प्रारुप २०
३.३ तथ्यांकको श्रोतहरु २०
३.४ अध्ययनको समग्र र नमुना २१
३.५ तथ्यांक संकलन बिधि २१
३.६ तथ्यांक विश्लेषण २२
३.७ अध्ययनको सिमा २२

**अध्याय चार : तथ्याङ्क प्रस्तुतिकरण र विश्लेषण** २३-५०

४.१ भरियाहरुको सामाजिक, आर्थिक पृष्ठभूमि २३
४.१.१ बसाई-सराई २४
४.१.२ जात/जाति २५
४.१.३ परिवारको संरचना २६
४.१.४ शैक्षिक स्थिति २८
४.१.५ जग्गाको स्वामित्व र क्षेत्रफल ३१
४.१.६ खाधान्न पर्याप्तताको स्थिति ३२
४.१.७ परिवारको आम्दानी ३३
४.१.८ पहिलेको काम ३४
४.२ भरिया पेशा ३६
४.२.१ भरिया पेशामा लागेको अवधि ३६
४.२.२ काम गराउने आधार ३७
४.२.३ काम गर्ने दुरी ३८
४.२.४ भरिया पेशामा पैसाको निर्णय ३८
४.२.५ पारिश्रमिक तोकिने आधार ३९
४.२.६ भरिया पेशाबाट हुने कमाई ४०
४.२.७ स्वास्थ्य संम्बन्धि समस्या ४२
४.२.८ खालि हुदाँको अनुभव ४३
४.२.९ पेशामा देखिएका चुनौतिहरु ४४
४.३ सामाजिक संम्बन्ध ४५
४.३.१ पारिवारीक संम्बन्ध ४६
४.३.२ सहकर्मि सँगको संम्बन्ध ४७
४.३.३ काम लगाउने सँगको संम्बन्ध ४८
४.३.४ सहयोग ४८
४.३.५ भरियाहरुको संध-सगठनमा सहभागिता ४९

**अध्याय पाँच : सारांश, निष्कर्ष र सुझाबहरु** ५१-६६
५.१ सारांश ५१
५.२ निष्कर्ष ५५
५.३ सुझाबहरु ५६
सन्दर्भगन्थ सूची ५८
अनुसूचि १:अन्तवार्ता प्रश्नावली ६१

# तालिका सूचि


| तालिका नं. | शिर्षक | पृष्ठ |
|---|---|---|
| १. | स्थायी बसोबास भएको जिल्ला | २४ |
| २. | जात/जातिगत बिवरण | २६ |
| ३. | परिवारको किसिम | २७ |
| ४. | परिवारको आकार | २८ |
| ५. | भरियाहरुको शिक्षा | २९ |
| ६. | छोराछोरी स्कुल पठाउने, नपठाउने | ३० |
| ७. | उनिहरुको जग्गा | ३१ |
| ८. | खान पुग्ने महिना | ३२ |
| ९. | परिवारको आम्दानीका मुख्य श्रोतहरु | ३३ |
| १०. | पहिलेको कामको अवस्था | ३४ |
| ११. | भरिया पेशामा लागेको अबधि | ३६ |
| १२. | काम गराउने आधारहरु | ३७ |
| १३. | पारिश्रमिक तोकिने आधारहरु | ३९ |
| १४. | भरिया पेशाबाट दैनिक हुने कमाई | ४१ |
| १५. | स्वास्थ्य संम्बन्धि समस्याहरु | ४३ |
| १६. | खालि हुदाँको अनुभब | ४४ |
| १७. | चुनौतिहरु | ४५ |
| १८. | गाँउ फर्कने अन्तराल | ४६ |
| १९. | सहयोगको आदान-प्रदान | ४९ |

# अध्याय एक
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

आज हाम्रो देशमा दुई थरि मानिसहरु दुई भिन्दा भिन्दै बाटोमा हिडेर आ-आफ्नो लक्ष्यमा पुग्न भरमग्दुर प्रयत्न गरिरहेका छन् । एक थरि मानिसहरु कसरी देशका हरेक शहरमा बिल्डिङ्ग बनाउने, कसरी मोटरकारको संख्या थप्दै जाने, संसार कसरी सयर गर्ने भन्ने छन भने अर्कोथरि मानिस कसरी आफ्नो सास धान्ने, कसरी लाज ढाक्ने, कहा बसेर रात बिताउने समस्याले दिनरात पिरोलिरहेका छन् । रोगले सताएकी जहान, घाउखटिराले कुहिएर रोईरहेका नाङ्गा सन्तान, भोक र रोगले जीर्ण शरीर अनि सामाजिक, सांस्कृतिक अपहेलना, आर्थिक समस्याले र रोजगारीको अभावले धङधङाईरहेको शरीर लिएर काम गरिरहेका वा काम नपाएर भौतारीरहेका जिवित प्राणीको एउटै नाम हो “भरिया मजदुर” (गौतम र लामा, २०४०) ।

कुनै पनि मानिस आफ्नो भविष्य र जीवनलाई बढि सहज र सफल बनाउने चाहानाको खोजिमा आफ्नो जन्म घर छोडेर रोजगारीको अवसर प्राप्त गर्ने आशामा अर्को स्थानमा बसाई-सराई गरेको पाइन्छ । यस्ता मानिसहरु खासगरी आर्थिक आर्जन, शिक्षा लगायतका विभिन्न उद्देश्यहरु पुरा गर्नका लागि एक स्थानवाट अर्को स्थानमा स्थानान्तरण गरेको पाइन्छ । आफ्नो जीवन निर्वाह गर्नको लागि अपनाईने विभिन्न पेशा मध्ये बौद्धिकको अलावा शारीरीक श्रमको माध्ययमवाट भारी उठाएर आफ्नो जिविकोपार्जन गर्ने जमात नै “भरिया” हुन् । यस्ता मानिसहरु धेरै जसो जमात बौद्धिक पेशा अपनाउन शिक्षा र सिपको अभावले गर्दा असमर्थ भएको पाइन्छ ( चन्दना, २००१) ।

भरिया बन्नुको कारण धेरै छन जस मध्ये सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक, भौगोलिक स्थितिले निम्ताएको “गरिबी” हो । गरिबीले सामाजिक समस्याहरु बढाउने मात्र नभई यसलाई झन-झन जटिल बनाउछ नेपालको सामान्य आर्थिक जिवनलाई हेर्दा यहाँ अत्याधिक गरिबीर यसका कारणमा परम्परागत कृषि प्रणाली, उब्जनी योग्य भूमि अभाव, सिचाईको असुविधा, पैतृक ऋण, संस्थागत शाखाको अभाव आदि कृषक परिवारका साझा समस्याहरु हुन् ( ठाकुर, २०५२) ।

"भरिया मजदुर" आर्थिक र राजनैतिक परिपाटिको जुधाईमा सबैभन्दा बढि तिरस्कृत हुन पुगेको समूह हो । ऐतिहासिक अध्ययनले नेपालमा परापुर्वकालमा यातायातको साधनको रुपमा रहेका भरियाहरुको इतिहासमा उल्लेख नहुनु भरियाहरु माथि गरिएको भेदभावको रुप हो (काफ्ले र शर्मा, २०५१) ।

भेदभाव र समता दुई विपरित कुरा हुन । पक्षपात गर्नु व्यक्तिगत व्यवहार हो भने भेदभाव गर्नु सामाजिक व्यवहार हो । साच्चै भन्ने हो भने पक्षपातको भन्दा भेदभावको डरलाग्दो र व्यापक आधार हुन्छ, पक्षपातले व्यक्तिलाई निराश बनाउछ वा असन्तोष र बिद्रोहको भावनामा पुऱ्याउछ तर भेदभावले सिङ्गो समुदायलाई पिडित पार्दछ । संगठित विद्रोह र आन्दोलन तर्फ धकेल्दै लान्छ । भेदभावले द्वन्दको सिर्जना गर्दछ र असमानताको खाडललाई फराकिलो र गहिरो बनाउदै लैजान्छ । भेदभावले द्वन्द बढाउन थालेपछि समयमै त्यसलाई समाधान गरिएन भने त्यसले हिंसक रुपपनि लिन सक्छ (उपाध्याय, २०६०) ।

## १.२ समस्याको कथन

भरियाहरु एउटै समस्याले थिचिएका छन् । एउटै असन्तोष उनको मनमा छ र अत्याचारका रिसले उनका मुटु सँगसँगै धड्किरहेका छन तर यी झिल्काहरु समेटेर एउटै ज्वाला बनाउने बलियो तार उनिहरु सँग छैन । उनिहरु स्वतन्त्र रुपले संगठित भएर देश ब्यापी रुपमा एउटै आवाज एकै समयमा धन्काउन सके उनिहरुका साझा हितको रक्षा हुन सक्ने थियो । सिङ्गो नेपाली समाज नै संगठन, सामुहिकता, सामाजिकता भन्ने कुराको चर्को अभाव देखिन्छ । व्यक्तिवाद, स्वेच्छाचारिता, हुकुमी प्रवृत्ति, दासमनोवृत्ति, चाप्लुसी चरित्र र आशे प्रवृत्ति बोलाबाला छ (लामा,२०४१) ।

नेपाल र भारतको खुल्ला सिमानाको कारणले भारतिय कामदारहरुको नेपाल प्रवेशले नेपाली कामदारहरुलाई विस्थापित गरिराखेको छ । यहाँ प्राप्तहुने रोजगारीको अवसर साथै अन्य सीपबाट लाभ उठाउन सक्ने भएकोले भारतीय आप्रवासीको संख्या दिनप्रतिदिन द्रुत गतिले बढ्दै गएको छ (न्यौपाने, २०५४) ।

कनकमणी दिक्षित (२०५१) मा सम्पन्न गोष्ठी पश्चात रीपोर्टमा भन्दछन् नेपालका भरियाहरुको जीवनको बारेमा वास्तबिकता दर्शाउदै उनीहरुले गरेको परिश्रम अनुसार मोल प्राप्त गर्न नसकेको तथ्य टाटा ट्रकहरु, जीपहरु, ट्र्याक्टर जस्ता आधुनिक यातायातका साधनहरुले आम्दानी खोसेका छन भन्ने कुरा उल्लेख गर्नुभएको छ उहाँ फेरी थप्नुहुन्छ यसरी अर्काको भारी बोकेर जिविको पार्जन गर्नु भनेको समग्र नेपाली जनताको गरिबीको जीउदो तस्वीर हो । तसर्थ जबसम्म लाखौ

नेपालीको थाप्लोबाट नाम्लो हटाउन सकिदैन तबसम्म देशमा विकास आउन नसक्ने तथ्यपनि व्यक्त गर्नुभएको छ ।

अर्को एक अध्ययन अनुसार नेपाली भरियाहरुलाई यातायातको साधनको रुपमा प्रयोग गरेको पाइन्छ । यस्तो यातायातको साधनको रुपमा काम गर्ने भरिया मजदुरहरुलाई तिन भागमा बिभाजन गर्न सकिन्छ । क) उच्च हिमाली क्षेत्रमा काम गर्ने भरियाहरु ख) पहाडी क्षेत्रमा काम गर्ने भरियाहरु ग) शहरी क्षेत्रमा काम गर्ने भरियाहरु यसैगरी भरियाहरुले काम गरेको क्षेत्रको आधारमा उनीहरुलाई निम्न बमोजिम वर्गीकरण गर्न सकिन्छ । अ) निर्माण तथा उत्पादन क्षेत्रमा काम गर्ने भरियाहरु आ) पर्यटन क्षेत्रमा काम गर्ने भरियाहरु इ) यातायात क्षेत्रमा काम गर्ने भरियाहरु, उच्च हिमाली क्षेत्रमा काम गर्ने भरियाहरु ट्रेकिङ्गमा जाने उच्च हिमश्रृंखला आरोहण गर्न जाने मानिसहरुको सामानहरु बोक्न जाने भरियाहरु पर्दछन् । खासगरी यिनीहरु काम अनुसारको पारीश्रमिक पाउने हुदाँ यात्रामा जोखिम भएपनि आर्थिक रुपमा सन्तुष्ट हुन्छन् । पहाडी क्षेत्रमा काम गर्ने भरियाहरु प्रायः एकै प्रकारको कृषिजन्य सामानहरु, खाद्यान्नहरुलाई एक स्थानवाट अर्को स्थानमा पुराउने गर्दछन् ।

शहरी क्षेत्रका गल्ली सडकमा काम गर्ने भरियाहरु अन्य मानिसका बिलासिताका सामानहरु जस्तै सोफा, फ्रीज, दराज, पलंग, कुर्ची साथै दैनिक उपभोगका अन्य सामानहरु बोक्ने गर्दछन् । उनीहरुले कामअनुसारको दाम नपाएको हुदाँ आर्थिक अवस्था कमजोर भएको देखिन्छ । यसरी नै शहरी क्षेत्रमा बिमानस्थल वरीपरी हवाई क्षेत्रमा काम गर्ने भरियाहरु मनाङ्गे र तस्करहरुको अबैध सामान र सुन, चाँदी बिदेशवाट ल्याउने महंगा भरियाहरु पर्दछन् । निर्माण तथा उत्पादन क्षेत्रमा काम गर्ने भरियाहरु खासगरी ईंटा, ढुङ्गा, बालुवा, सिमेन्ट, फल्याकहरु एक ठाँउवाट अर्को ठाँउमा पुऱ्याउने गर्दछन् । यातायात क्षेत्रमा काम गर्ने भरियाहरु ट्रायाक्टर र ट्रकवाट विभिन्न खाद्यान्न झार्ने, रड, टिन झार्ने भरियाहरु पर्दछन् । यिनीहरुको आर्थिक स्तर पनि समग्ररुपमा कमजोर र सामाजिक स्तरपनि दयनीय देखिन्छ ( श्रेष्ठ, २०५४) ।

भट्ट, (२०५९) पोखराको क्षेत्रमा अवस्थित भरियाहरुको सामाजिक, आर्थिक अवस्थालाई उजागर गर्दै सामाजिक व्यवहारहरुमा उमेर, जाति, बैवाहिक स्थिति, पारीवारीक संख्या, शैक्षिक स्तर साथै सामाजिक अस्थिरताको अध्ययनको आधार लिई सामान्यतया १६ देखि ३५ वर्षको उमेर समुहको व्यक्तिहरु भरिया पेशामा संलग्न रहेको बताएका छन् । जातीगत हिसाबले सबै जातका मानिसहरु उब्जनियोग्य जमीनको अभावले बाह्रै महिनामा १,२ महिनामात्र काम हुनेहुदाँ अरु समय बेरोजगार भई घरमै बस्नु भन्दा सजिलै सँग काम पाइने पेशा भरिया भएको हुदाँ र आफुले चाहेको समयमा सजिलै छोड्न मिल्ने हुदाँ यस्तो पेशामा लागेको बताएका छन् ।

यसरी पोखरा क्षेत्रका भरियाहरु दुरीका आधारमा एकपल्ट एकखेप गरेको रु.२० देखी रु.५० सम्म लिने गरेको उल्लेख छ । यस्ता भरियाहरु नजीकको जिल्लाबाट आउने गरेको पाइन्छ ।

यसरी बृहत्त रुपमा नेपालका भरिया मजदुरहरुको धेरैथोर अध्ययनहरु भएका र तिनीहरुले भरियामजदुरहरुको वर्गीकरणको पक्षमा, आर्थिक अवस्थाको पक्षमा, बसाई-सराईको गतिको सवालमा, सामाजिक पृष्ठभूमिको सवालमा जानकारी दिएको भएता पनि कुनै स्थान बिशेषमा खासगरी काठमाण्डौं उपत्यकाका कीर्तिपुर  नगरपालिका क्षेत्रमा काम गर्ने भरिया मजदुरहरुको बारेमा अध्ययन हुन नसक्दा उनीहरुको बारेमा जानकारी हुन सकेको छैन । त्यसैले यस क्षेत्रका भरियाहरुको बारेमा उठेका निम्न जिज्ञाशाहरुको बारेमा जान्न खोजीएको छ । जस्तै : क) भरियाहरु कस्तो सामाजिक, आर्थिक पृष्ठभूमिबाट आएका छन् ? ख) कामको स्थिति कस्तो छ ? ग) आम्दानी कस्तो छ ? घ) उनीहरुको मुख्य रोजगारदातासँग संम्बन्ध कस्तो छ ? ङ) भरिया पेशाले निम्ताएको स्वास्थ्यको स्थिति कस्तो छ ? च) उनीहरुमा सामाजिक मुल्य - मान्यता अर्न्तगतको मनोवैज्ञानीक असर कस्तो छ ? छ) यातायातका साधनहरुले उनीहरुको भरियामजदुरीमा कस्तो असर पारेका छन् ? ज) उनीहरुमा श्रमिक यूनियन र श्रमिक ऐन, नियमावली बारे थाहाँ छ, छैन ? यदि थाहाँ छ भने उनीहरुको सहभागिता छ, छैन ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको सामान्य उद्देश्य भरिया मजदुरहरुको अध्ययन गर्नु हो । उक्त उद्देश्य प्राप्तिको विशिष्ट उद्देश्यहरु निम्न अनुसार तय गरिएका  छन् ।

१) अध्ययनमा समेटिएका भरियाहरुको सामाजिक, आर्थिक पृष्ठभूमिको बर्णन गर्ने,
२) भरिया पेशाको बिश्लेषण गर्ने, र
३) भरियाहरुको सामाजिक र पेशागत संम्बन्धको बिबेचना गर्ने ।

## १.४ अध्ययनको महत्व

कुनैपनि देशको विकास भनेको स्वतः स्फुर्त हुने विषय पक्कै होइन यसमा विकासको विभिन्न तत्वहरुले निश्चय पनि प्रभाब र भूमिका खेलेको हुन्छ । यसरी प्रभाब पार्ने तत्व र साधनहरुमा यातायातको सुविधा, संचार, कच्चा सामग्री र

भौगोलिक अवस्थाका साथै महत्वपूर्ण पक्ष दक्ष जनशक्ति र श्रम पनि एक रहेको छ। श्रम एक जीवन हो र श्रम बिना परिवर्तन संभव छैन। जीवनको हरेक पाइलामा समाज र सिङ्गो जगतमा नै श्रमको ठूलो महत्व रहेको हुन्छ। श्रम सँग सभ्यता, संस्कृति गासिनुका साथै उत्पादन, निर्माण र विकास जोडिएको हुन्छ त्यसैले श्रम शक्ति आफैमा एक उदाहरणीय र सम्माननीय कुरा हो। न्याय पूर्ण र शोषणमुक्त श्रम संम्बन्धले समाजलाई विकास र उन्नतिको पथमा डोऱ्याएको हुन्छ भने शोषण मुलक संम्बन्धले बिनास र विपत्तिलाई निम्ताई समाज र राष्ट्र अधोगतिमा झर्न पुग्दछ। त्यसैले जुन राष्ट्रमा श्रम संम्बन्ध असल रहेका छन् त्यो राष्ट्र सधै निरन्तर उन्नतिको दिशामा अगाडि बढिरहेको कुरा आज विश्वका अन्य मुलुकमा देखा परिसकेको छ (स्थापित, १९८४)।

कनकमणी दिक्षित (२०५२) का अनुशार भरियाहरु यस्ता मानिसहरु हुन जुन भारी बोकेर हिडेको जहाँतही देख्न सकिन्छ तर राष्ट्रको आर्थिक आकडामा भने यसले प्रत्यक्ष स्थान पाएको देखिदैन। भारी बोकेर जीवन निर्वाह गर्ने आर्थिक कृयाकलापहरुलाई वास्ता नगरी हाम्रो राष्ट्रिय योजना आयोगका योजनाकारहरुले ग्रामीण समुदायको हितमा बनाईएका योजनाहरुमा कसरी ग्रामीण जीवनको यथार्थ झल्को दिने हो भन्ने पनि सोचनीय विषय वनेको छ। मानव सभ्यताको विकाससँगै गासिएर आएको परम्परागत भारी बोक्ने यो पेशालाई विभिन्न बिकसित मुलुकहरुले त्यागि यातायातका साधनहरुबाट नै ओसार-पसार गर्दछन तर नेपालका गाँउ र शहरी क्षेत्रमा श्रमिकहरुको नाम्लो चाँहि उनीहरुको थाप्लोमा यथावत् छ। यसले यहाँको आर्थिक विकासको गतिलाई छर्लङ्गाउछ।

जीवनको बढि उपयोगी समयमा बसाई-सराई गरी शहरका विभिन्न सडक र गल्लीहरुमा भरियाहरु किन आश्रित हुन पुगेका छन् भन्ने विषय नितान्त सामाजिक चासोको बिषय भएतापनि प्रयाप्त अध्ययन, अनुसन्धानको अभाव खड्किएको हुदाँ पनि यस अध्ययनको महत्व बढेको छ। यस अध्ययनले भरियासँग संम्बन्धित विभिन्न पक्षहरुमा अध्ययन गरि उचित समाधानका उपायहरु उजागर गर्नुका साथै यस्तै अनुसन्धान गर्न चाहने नयाँ अनुसन्धानकर्ता, समाजशास्त्री, मानवशास्त्री, सरकारी अनुसन्धानकर्ता, नया, पुराना गैरसरकारी संघसंस्थालाई भरियाको अवस्थाको जानकारी दिन मद्दत पुऱ्याउने छ साथै परिवार, समाज, राष्ट्रमा भरियाहरुको सम्मानजनक जीवन निर्वाह गर्ने स्थितिमा पुऱ्याउन उपयुक्त सल्लाह र सुझावतर्फ नयाँ चेतना र संभावनाका बाटाहरु अंकित गर्ने छ।

# अध्याय दुई
# पुर्व साहित्यको पुनरावलोकन

## २.१ पूर्व अध्ययनको समिक्षा
### २.१.१ श्रम र श्रमिक अबधारणा

मजदुरहरुलाई विभिन्न किसिमबाट ब्याख्या गर्न सकिन्छ । मजदुरहरु विकासका विभिन्न महत्वपूर्ण पक्ष मध्ये एक हो । परिभाषागत रुपले भन्नुपर्दा मजदुर भन्नाले यस्ता व्यक्तिहरुलाई जनाउछ जुन आफ्नो क्षमता र सीप अनुसार समाजका विभिन्न क्षेत्रहरुमा कार्यरत हुन्छन, प्राज्ञिक रुपले तालिम प्रात्त हुदैनन र निम्न स्तरको सीपबेगरको काम गर्दछन । मजदुरहरुको क्षेत्र लाई दुई किसिमबाट बिभाजन गर्न सकिन्छ (क) औपचारीक । (ख) अनौपचारीक ।

जसको सार्न्दभिकता बिशेषत विकासशिल राष्ट्रहरुमा हुन्छ । औपचारीक क्षेत्र भन्नाले त्यस्ता मजदुरहरु काम गर्ने क्षेत्रलाई जनाउछ जुन ग्रामिण क्षेत्रबाट विभिन्न कारणले गर्दा औधोगिक र व्यवस्थित क्षेत्रमा आउदछन तरपनि रोजगारिका तुरुन्त अवसर पाउदैनन् र त्यस्ता मजदुरहरुले सड्कको काम गरेर पुराना सामाग्रीहरु बेचेर र स्थानीय स्तरका मजदुर समुहसँग काम गरेर आफ्नो जिविकोपार्जन गर्ने गर्दछन यस्ता खालका मजदुरहरु केहि समयको लागि शहरी क्षेत्रमा बस्दछन र त्यसपछि कुनै छोटो अबधिको लागि त कुनै सधैको लागि आफ्नो गाउँमा फर्कनछन यसैगरी अनौपचारीक शहरी मजदुरहरुको क्षेत्र त्यस्ता मजदुरहरुले बन्ने गर्दछ जसले आफ्नो अर्थतन्त्र शुर्धानकोलागि बाणिज्य, औधोगिक र सार्बजनिक क्षेत्रमा सानो भन्दा सानो ठाउँ पाएका छन (डायरमिड, १९७७) ।

कार्ल मार्क्सका अनुसार प्रत्येक समाज ऐतिहासिक विकासको जुनसुकै स्तर भए पनि आर्थिक आधारमा अडिएको हुन्छ । मार्क्सले यसलाई वस्तुहरुको उत्पादन प्रणाली भनेका छन् । उत्पादन प्रणालीका दुई वटा तत्वहरु छन् । पहिलो उत्पादनका साधन तथा बलहरु र दोस्रो उत्पादनको सामाजिक संम्बन्ध अथवा आर्थिक कृयाकलापहरुले गर्दा मानिसहरुले एकअर्का संग राख्ने संम्बन्ध अनिवार्य हुन्छ, तर समाज आर्थिक संरचना बाहेकका अन्य तत्वहरुको संयोजनवाट बनेको हुन्छ । यसमा आधारित भएर मार्क्सले भनेका छन् अधि संरचना जसमा कानुनी, राजनैतिक, धार्मिक र त्यस्तै अन्य संस्थाहरु रहेका हुन्छन् ।

माथि उल्लिखित मार्क्सको निक्यौलले निम्नअनुसार कार्य गर्ने तथ्य स्मेल्सरले बताएका छन्: उत्पादनको प्रक्रियाबाट उत्पन्न हुने सामाजिक संम्बन्धको आधारभूत संरचना वर्ग संरचना हो वा समाजको धनी शासक वर्ग र शोषित गरिव वर्गमा भएको विभाजन हो । पूँजीवादी उत्पादन प्रणालीमा मार्क्सले पूँजीवादको विस्तृत व्याख्या गरेका छन् । यसमा उनले समाजका दुई प्रमुख वर्गहरु बुर्जूवा र सर्वहाराको उल्लेख गरेका छन् । बुर्जुवा वर्गले उत्पादनका साधनहरु आफ्नो हातमा लिएको हुन्छ, उत्पादन प्रक्रियालाई निर्देशन गर्दछ र त्यसवाट नाफा प्राप्त गर्छ भने सर्वहारा वर्गहरु ज्यालादारी श्रमिकहरु हुन् जसले वास्तविक श्रम प्रदान गर्दछन् तर त्यसको पुरा ज्याला प्राप्त गर्दैनन् ।

मार्क्सले पूँजीपतिहरुको शक्तिसँग पहुँच रहेको हुन्छ भन्ने मान्यता राख्दछन् किनकि उनीहरुको आर्थिक संरचनामा प्रार्थमिक स्थान हुन्छ । उनीहरुको हातमा उत्पादनका साधनहरु हुन्छन् र उनीहरुले श्रमिकहरुको श्रम किनेका हुन्छन् । कामदारहरु अर्को तिर केवल आफ्नो श्रम वेच्दछन् र सट्टामा त्यसको ज्याला प्राप्त गर्दछन् । आफ्नो विशिष्ट स्थानको कारण पूँजीपतिहरु कामको समय बढाएर श्रीमान, श्रीमति र केटाकेटीहरुलाई काम गर्न लगाएर, मेशीनको निरन्तर गति बढाएर श्रमिकहरुको शोषण गर्न सक्षम हुन्छन् । पूँजीपतिको शक्ति सर्वमान्य हुन्छ र राजनीतिक शक्तिहरुले कामदारहरुको विरोध गर्न नसक्ने गरि पूँजीपतिहरुकै अनुकुलमा कानुनको निर्माण गर्दछन् । यस्तो परिस्थितिमा राजनीतिक शक्तिहरुले समाजमा आर्थिक शक्तिहरुकै पक्षमा काम गरिरहेका हुन्छन् ।

मार्क्सले यस्तो आर्थिक र राजनीतिक शक्तिहरु विचको संम्बन्ध टिकाउ हुदैन, वास्तवमा प्रत्येक आर्थिक प्रणालीले मार्क्सका अनुसार आफ्नो विनासको वीज लिएको हुन्छ । पूँजीवादमा उदाहरणको लागि बुर्जुवाहरु प्रतिस्पर्धाबाट आफ्नो नाफा वढाउनका लागि कामदारहरुलाई विस्तारै दु:खमा धकेल्दछन् । यस्ता अवस्थाहरु विभिन्न किसिमको आर्थिक संकटहरुले बढाइचढाइ ब्याख्या गरेका छन् । कामदारहरुको प्रतिक्रिया के हुन्छ ? सुरुमा तिनीहरु अलग रहन्छन् अरुसँगको प्रतिस्पर्धामा उत्रदै, विघटित हुन्छन् । तिनीहरु आपसमा छरिएर उत्पादनका साधनको लागि प्रतिस्पर्धा गर्दछन । तब दास प्रक्रिया बिस्तारै बढदै जान्छ । कारखानामा काम गर्ने मजदुरहरु ठुलो संख्यामा जम्मा हुदै जान्छन र जब जब कारखानाको ज्यालादेखि अधिकार सम्म ठूलो फरक पाउँदछन् तब उनीहरु बढि भन्दा बढि संगठित हुँदै जान्छन् र परिचालन गर्न सकिने ठूलो समुह बन्दछ । जस्तै : ट्रेड यूनियन । यस अवस्थामा मजदुरहरु आफ्नो बल देखाउने अवस्थामा पुगेका हुन्छन र आफ्नो छुट्टै पहिचान दिन सफल हुन्छन् उहिहरु आफ्नो अनुकुलमा केहि कानूनी आधारहरुसमेत निमार्ण गर्न सक्दछन, जस्तैः कामको समय निर्धारण गर्ने । अन्त्यमा उनिहरुको

परिपक्वताको शिखरमा एक क्रान्तिकारी दलको निमार्ण गर्दछन् र यसले पूँजीबादि व्यवस्थालाई विनाश र अन्तमा समाजबादको स्थापना गर्ने लक्ष्य राख्दछ (Todaro,M.1997)।

अर्थशास्त्रीय सिद्धान्त अनुसार श्रम बजारमा पुरुष वा महिला, काला हुन वा सेता, युवा हुन वा बृद्ध सबै श्रमशक्तिका एउटै सिङ्गो इकाई हो जसले बाच्नको लागि श्रम बेच्दै हिडछन् जस्तोसुकै परिस्थितिमा आफुलाई अरु समक्ष समर्पित गर्दछन् । सामान्यतया एउटै काममा पुरुष, महिला, काला, सेता, युवा, बृद्धको भनेर ज्यालामा असमानता भटिदैन तर काम पाउने अवसर र क्षमताको आधारमा ज्यालामा असमानता भेटिन सक्छ ( राईनाल्ड , १९७८) ।

अन्तराष्ट्रिय मजदुर संगठनले श्रमिकहरुलाई २ बर्गमा बिभाजन गरेर देखाएको छ । (क) निजी मजदुर (रोजगार) (ख) ज्यालादारी मजदुर (रोजगार) निजी मजदुर भन्नाले भन्नाले त्यस्ता व्यक्तिहरुलाई बुझाउछ जसले आफु र आफ्नो परिवारको भविष्यको लागि केहि पूँजि लगानी गरी उधोग वा व्यवसायमा सम्पूर्ण रुपमा श्रमिक भएर काम गर्दछ । (ख) ज्यालादारी मजदुर भन्नाले त्यस्ता खालका श्रमिकहरुलाई बुझाउछ जसले आफु र आफ्नो परिवारको जिविको पार्जन गर्नको लागि श्रम ज्यालामा बेच्दै हिड्छन  (थिइम, २००३)।

सैद्धान्तिक रुपमा ई.सं. १९२४ पछि नेपालमा दास प्रथा उन्मुलन भयो तर व्यवहारमा अर्काको भारी बोक्नु, भरिया हुनु पनि त्यहि प्रथा अर्न्तगतको अवशेषहरु बदलिदो परिस्थितिमा नयाँ रुपमा विभिन्न जिल्लामा हजारौं संख्यामा कायम छन् । शारीरिक र मानसिक तवरले शक्तिलाई मानव जातिको पक्षमा उपयोग गर्दै निश्चित उद्देश्य प्राप्त गर्नको लागि बाहिए शक्तिवाट निर्देशित भएर श्रम गर्ने व्यक्तिलाई भरिया मजदुर भनिन्छ यी व्यक्तिहरु पैसाको निमित्त सम्झौता गरी मानसिक र शारीरीक श्रम बेच्दै भिन्दा-भिन्दै बाटोहरुमा जीवन गुजारा गर्दै हिड्दछन र यिनीहरुमा समान अवसरको अभाव र सम्पत्तिको सन्तुलित वितरण नभएको स्थितिवाट  यो अवस्था उत्पन्न हुन्छ (थापा र तिवारी, १९७७ ) ।

एक अर्को अध्ययनमा श्रमको सामाजिक संम्बन्धको बारेमा भारतमा गएका नेपाली मजदुरहरु आफ्ना साथिभाईहरु सँग व्यक्तिगत रुपमा भेटने गर्दछन तर यस्तो भेटघाट कुनै सामाजिक अवसरहरुको कारणले हुने गरेको पाईदैन । प्रायः जसो उनीहरु बिचको भेटघाट नेपाल फर्कनु भन्दा पहिले, नेपालमा आइसकेपछि र बिरामी परेको अवस्थामा मात्र हुने गरेको पाईन्छ । यी मजदुरहरु आफ्ना साथिहरुसँग भेटघाट कुनै कामको सिलसिलामा मात्र गर्दछन । उनिहरु आफ्ना साथिभाई सँगको भेटघाट

कुनै चाडपर्व, धार्मिक कार्यमा, विवाह पिकनिक, सांस्कृतिक उत्सव, जन्म दिनको उत्सव प्रायः शुन्य हुन्छ ।

त्यसैगरी भारतमा रहेको नेपाली कामदारहरु बिरामी, वेरोजगारी, रुपैयाको कमि र आपतकालिन अवस्थामा मात्र एक, अर्कालाई सहयोगको आदान-प्रदान गर्दछन । यस्ता मजदुरहरु बिचमा बैवाहिक संम्बन्ध हुन सकेको पाईदैन तर केहि मजदुरहरुले काल्पनिक नाता संम्बन्ध राखेको पनि पाईन्छ । त्यस्तो त भारतमा रहेका नेपाली मजदुरहरुले स्थानिय नेपालीहरुका चाडपर्वहरु बाहिरी रुपमा हेर्ने गरेको पाईन्छ । यि मध्ये केहि नगन्य मजदुरहरुले मात्र स्थानिय नेपालीहरुले संचालन गरेका धार्मिक कार्यहरुमा समाबेश भएको पाईन्छ तर पनि यि मजदुरहरुले बिरामी परेको, रुपैयाको कमि र अन्य आपतकालिन अवस्थामा स्थानिय नेपालीहरुबाट सहयोग पाएको देखिन्छ । यी सबै भारतीय बजारका नेपाली मजदुरहरुले ग्रैह नेपालीहरुको सामाजिक उत्सव र कार्यहरुमा भाग लिएको पाईदैन । यधपि त्यस्ता अवसरहरुमा नेपाली मजदुरहरु सहभागिको रुपमा नभई मजदुरको रुपमा सरिक हुने गर्दछन (राई, २०६३) ।

## २.१.२ श्रमको गतिशिलता

बसाई-सराई गर्नु कुनै मानिसको बास्तबिक चाहना होइन, बसाई-सराईका विभिन्न आर्थिक, सामाजिक र भौगोलिक कारण हुन्छन । खासगरि ग्रामिण ईलाकाबाट शहरी क्षेत्रतिर बसाई-सराई गर्ने क्रम तिब्रतर गतिमा बढदै गएको छ । यसरी शहरतिर बसाई-सराई गरि आएका व्यक्तिहरु योग्यता र दक्षताको अभावमा राम्रो किसिमको काम पाउन असमर्थ हुन्छन फलतः तिनिहरुले बिविध ठाँउमा मजदुरी गरी जीवन बिताउछन ।

"बसाई सर्ने व्यक्तिहरु आफुसर्ने ठाँउका सकारात्मक कुराले आकर्षित भएका हुन्छन भने आफु बसिरहेको ठाँउको नकारात्मक कुराले वसाई सर्न चाहन्छन् । बसाई सरुवाहरुलाई आफुलाई आबश्यक पर्ने कुराहरु जस्तै रोजगार, आवास, शिक्षा, यातायात आदि जस्ता बसाई सर्ने ठाँउमा प्राप्त हुने अवसरहरुले असर पार्दछ (थिइम, २००३) ।

मजदुरहरु मात्र एउटा त्यस्तो गतिशिल तत्व हुन जसले उत्पादनमा बृद्धि ल्याउन सक्दछन यदि तिनीहरुको रोजगार र आधारभुत आबश्यकताको बारेमा सरकारी पक्षबाट न्यायिक तवरबाट काम हुन सकेमा । यसरी मजदुरहरु प्राय:

औधोगिक क्षेत्र शहरतिर बसाई-सराई गर्दछन । बम्बईका केहि घरहरुको नमुना छनोटगरी आन्तरीक बसाई-सराई र मजदुरहरुको चरित्रबारे भेन्दिया देसाइले संम्क्षिप्तमा भन्नुभएको छ : आन्तरीक बसाई-सराई गर्ने व्यक्तिहरु प्राय: जसो कृषकहरु भएको र रोजगारको लागि शहरतिर झर्दा योग्यता र प्राबिधिक दक्षताको अभावमा राम्रो किसिमको काम पाउन सक्दैनन फलतः ति व्यक्तिहरु आफ्नो क्षमता अनुशारको मजदुरी पेशामा सम्लग्न हुनुपरको छ (देसाइ, १९९४)।

नेपालको अति पश्चिम क्षेत्रबाट श्रमिक बसाई-सराई गर्नुको कारण उब्जाउ जमिन नहुनु र जसले खान नपुग्नु नै मुख्य कारण हो । किनभने स्थानिय क्षेत्रमा कृर्षि उब्जाउ बढाउने कुनै प्रबिधि छैन त्यसैले श्रमिकहरु विभिन्न सुविधा भएका स्थानमा बसाई-सराई गर्दछन । अन्य कारणहरुमा जनसंख्याको चाप, खानाको अभाव, बातावरणीय कारण, पहाडी क्षेत्रमा उब्जाउ माटोको अभाव, रोजगारीको अवसर नहुनु, आर्थिक मन्दीका कारण तराईतर्फ बसाई-सराई गर्दछन (क्षेत्री, १९८७) ।

"आकर्षण र बिकर्षणका तत्वहरु बसाई सर्नुका मूख्य कारणहरु हुन्" (बउगि, १९६९) ।

"ग्रामीण ईलाकाबाट शहरी ईलाकामा नोकरीको अवसर र आयश्रोतको दृष्टिले मानिसहरु बसाई सर्दछन् " (टोडेरो, १९६९) ।

नेपालमा मजदुरहरुको बसाई-सराईको प्रवाह कुनै नयाँ घटना होईन । यसले एउटा लामो परम्परा बोकेको छ यो प्रक्रिया निरन्तर रुपमा बृद्धि भईरहेको छ । जुन बसाई सर्ने मजदुरहरुको घनत्व र तिनीहरुको गन्तब्य बन्ने विभिन्न देशहरुको संख्यात्मक बृद्धिबाट प्रष्ट हुन्छ । नेपालबाट भारत बसाई सर्ने मजदुरहरुको संख्या उच्च हुनु नेपाली मजदुरहरुको इतिहासको मुख्य बिशेषता नै हो । नेपाली मजदुरहरु भारतको सिक्किम लगाएतका विभिन्न भागहरुमा बसाई सरेका छन । नेपालीहरु सिक्किममा बसाईसर्ने प्रक्रियाको लामो इतिहास छ भन्ने कुरा आठौं शताब्दिको मध्यकालिन इतिहासबाट पनि औल्याउन सकिन्छ । नेपालीहरु ठुलो संख्यामा सिक्किममा मजदुर काम गर्न बसाई सरेका छन ।

नेपाली नागरिकहरु खासँगरी ग्रामिण क्षेत्रवाट सिक्किम बसाई सर्ने गर्दछन । नेपालको ग्रामिण क्षेत्रमा ८५ प्रतिशत भन्दा बढि मानिसहरुको जिविको पार्जनको मुख्य आधार कृर्षि हो र यो क्षेत्र डरलाग्दो बेरोजगारीको समस्याले ग्रसित छ । ग्रैह कृषि क्षेत्रमा रोजगारीका अवसरहरु प्रायः शुन्य छन । यस अवस्थामा ग्रामिण

जनताका लागि जिवन धान्नका लागि बसाई सर्ने बाहेक अरु बिकल्प छैन । तसर्थ ग्रामिण जनताहरु आफ्नो जिविका धान्नको लागि गाँउबाट बसाई सर्न बाध्य छन ।

नेपालमा शहरी क्षेत्रको बिकास र यसका सुविधाको बिस्तार खास अर्थमा हुन सकेको छैन । धेरै जसो कथित शहरहरु, जिल्ला सदरमुकाम र भारतसँगको नाकाहरुमा मात्र केन्द्रित छन । तसर्थ यिनीहरुले रोजगारका अवसरहरुको सिर्जना गर्न र मजदुरहरुको बसाई-सराईको समस्याको सम्बोधन गर्न असमर्थ छन ।

अर्को तर्फ तुलनात्मक रुपले नेपालीहरुको भारतसँगको पहुच र सांस्कृतिक समिपताका कारण त्यसतर्फ बढि बसाई-सराई गरेको पाईन्छ । भारतमा भएका सवारी साधनहरुको सन्जालले नेपाली कामदारहरुलाई भारतका विभिन्न भागहरुमा पुचाएको छ । भारतका ठुला औधोगिक र शहरी क्षेत्रमा प्रचुर रोजगारीका अवसरहरु नेपाली कामदारहरुको लागि भारतिय बजार विश्वासिलो आकर्षण बन्न पुगेको छ । यस्तै प्रयाप्त रोजगारीका अवसरहरुका कारणले नेपाली मजदुरहरु केहि सिमित नेपालका शहरहरुमा रोजगारीको प्रयास नै नगरी भारततर्फ जाने गर्दछन । यो परम्पराले बसाई सरेका नेपाली जुन भारतका शहरहरुमा काम गर्छन र नेपाली बजारमा काम गर्ने मजदुरहरुको बिचमा ठुलो भिन्नता श्रीजना गरेको छ (राई, २०६३) ।

## २.१.३ कामको स्थिति

इमाइल दुर्खिमका अनुशार सभ्यताको विकास सँगै कामको विविधतामा बिस्तार भयो सामाजिक उत्पादन कार्यमा श्रम बिभाजनको आबश्यकता महशुस हुन गयौ । फलस्वरुप कामको बिशेषीकरणले गर्दा प्रत्येक व्यक्तिले बिशेष प्रकारको काम गर्नुपर्ने अवस्था सृजना हुन गयो । आर्थिक कार्य अत्यन्त सिमित हुनाको कारण प्राचिन युगमा पुरुषको काम छुट्टाछुट्टै बिभाजन भएको थियो तर आधुनिक युगमा प्राचिन समाजको जस्तो नभै सामाजिक स्थितिमा परिवर्तन आयो जसले गर्दा आधुनिक समाजमा विभिन्न व्यक्तिहरु विभिन्न कार्यमा संलग्न देखिए । श्रमशक्तिहरु जो आफै रोजगार छन, अर्धरोजगार छन र पुर्ण बेरोजगार छन, ती सबै व्यक्तिहरु नयाँ ठाँउमा नँया कामको खोजिमा लागि परेका छन (मुखर्जी, १९८८) ।

पूँजिबादको विकास सँगसगै आर्थिक बिषमता बढदै गयो । पूँजीपति र मजदुर बिचको खाडल फराकिलो हुन गयो । धनि झन-झन धनि हुदै जानु पूँजिबादी देशको

बिशेषता हो । मजदुरहरु दिनमा १८ देखि २० घन्टा काम गर्दा पनि बालबालिका पढाउन लेखाउन त कता हो कता एक सरो लगाउन र एक पेट खुवाउन समेत धौ धौ छ । मार्क्स र एन्जेङल्लको घोषणा पत्रमा भनिएको छ । मजदुरहरुलाई औषतरुपमा यति मात्र ज्याला दिइन्छ जति उसलाई बाच्नको निमित्त आबश्यक पर्दछ अर्थात त्यति नपाएको खन्डमा मजदुर बाच्न सक्दैन । यसकारण मेहेनेत गर्ने मजदुर आफ्नो कडा परिश्रम पश्चात जति ज्याला पाउछन त्यसबाट आफ्नो जहान परिवारको गुजारा मुश्किलले चलाउन सक्दछ (सरु, २०५४) ।

यसैगरी अर्को अध्ययन पश्चात काठमाडौंका भरिया मजदुरहरुको शहरी क्षेत्रका गल्ली सडकमा काम गर्ने भरियाहरु अन्य मानिसका बिलासिताका सामानहरु जस्तै सोफा, फ्रीज, दराज, पलंग, कुर्ची साथै दैनिक उपभोगका अन्य सामानहरु बोक्ने गर्दछन् । उनीहरुले कामअनुसारको दाम नपाएको हुदाँ आर्थिक अवस्था कमजोर भएको देखिन्छ । यसरी नै शहरी क्षेत्रमा बिमानस्थल वरीपरी हवाई क्षेत्रमा काम गर्ने भरियाहरु काम अनुसारको ज्याला पाउने हुदाँ उनिहरुको जीवनस्तर उच्च रहेका र यातायात क्षेत्रमा काम गर्ने भरियाहरु ट्रायाक्टर र ट्रकवाट विभिन्न खाद्यान्न झार्ने, रड, टिन झार्ने भरियाहरु पर्दछन् । यिनीहरुको आर्थिक स्तर पनि कमजोर रहेको बताएकी छन । समग्ररुपमा भरिया मजदुरहरुको काम अनुसारको न्युनतम ज्याला पनि नपाएको ठहर अध्यन पश्यात प्रश्ट्यायकी छन (श्रेष्ठ, २०५४) ।

अर्को छुट्टै ठाउँ पोखराको क्षेत्रमा अवस्थित भरियाहरुको सामाजिक, आर्थिक अवस्थालाई उजागर गर्दै ग्रामिण भेगका मानिसहरु उब्जनियोग्य जमीनको अभावले बाह्रै महिनामा १,२ महिनामात्र काम हुनेहुदाँ अरु समय बेरोजगार भई घरमै बस्नु भन्दा सजिलै सँग काम पाइने पेशा भरिया भएको हुँदा र आफुले चाहेको समयमा सजिलै छोड्न मिल्ने हुँदा यस्तो पेशामा लागेको बताएका छन् । र उनीहरु दुरीका आधारमा एक पल्टमा एक खेप गरेको रु२० देखि रु५० सम्म लिने गरेको उल्लेख छ ( भट्ट, २०५९) ।

भारतको सिक्किममा पर्ने जोनाथन क्षेत्रमा काम गर्ने भरियामजदुर हरुको अध्ययन गरी राई ले बताए अनुसार प्रायः जसो नेपालको ग्रामिण क्षेत्रबाट भारतमा रोजगारीका लागि जाने कलिलो उमेरका र अशिक्षित छन । यी यस्ता व्यक्तिहरु हुन जसले आफ्नो परिवारको संम्बन्धलाई निरन्तरता दिईरहेका छन । यस्ता मजदुरहरुलाई ग्रैह्र कृर्षि रोजगारको कुनै अनुभव हुदैन । शिक्षाको अभावका कारण यस्ता मजदुरहरुको भारतीय बजारमा सिप र प्रबिधी मुलक रोजगारीको पहुचमा कमि छ । तसर्थ तिनीहरुलाई सुरक्षाकर्मि, रिक्सा तान्ने, होटलमा भाडा माझने, गाडिहरुमा काम गर्ने, सामान बोक्ने, जस्ता तल्लो स्तरका काम गर्न बाध्य छन । यस्ता

अप्राविधिक कामहरुको लागि शारिरीक शक्तिको आबश्यक पर्दछ र आम्दानीको रकम पनि ज्यादै न्यून हुने गर्दछ । यस्तो न्यून आम्दानी र परिवार प्रति पुरा गर्नुपर्ने आर्थिक उत्तरदायित्वको कारण नेपाली कामदारहरु भारतका शहरहरुमा न्यून स्तरको जिविको पार्जन गर्न बाध्य छन ।

यस्ता सामान्य सबेक्षणहरु बाहेक नेपाली मजदुरहरुका बिशेषता, बसाई-सराई कर्ताहरुको व्यवहार, जिवनस्तर, काम गर्ने अवस्थाहरु, आर्थिक कृयाकलाप, सामाजिक जिवन र पारिवारीक संम्बन्ध, को बारेमा प्रयाप्त जानकारी छैन । यस्ता मजदुरहरुको मासिक आम्दानीको दुरी भारु १००० भन्दा कम देखि भारु ५००० भन्दा माथि रहेको पाईन्छ । लगभग दुई तिहाई(६३.४)कामदारहरुको मासिक आम्दानी भारु २००० देखि ३००० को बिचमा रहेको पाईन्छ । यी मजदुरहरु मासिक खर्च भारु ५०० देखि १५०० सम्म फरक फरक हुने गर्दछ । त्यसैगरी यिनीहरुको मासिक बचत पनि भारु १००० भन्दा कम देखि भारु ५००० भन्दा बढि रहने गरेको पाईन्छ । यी मजदुरहरुको ठुलो संख्याले मासिक बचत भारु १००० देखि ३००० सम्म बचत गर्दछन (राई, २०६३) ।

## २.१.४ गरिबहरुको सामाजिक-आर्थिक बिषेशता

कुनैपनि देशको सामाजिक, आर्थिक विकास त्यसदेशको व्यवहारिक ज्ञान, स्वास्थ्य सुविधा, पानी, सरसफाई जस्ता सुविधाहरु र त्यसको अभिबृद्धिमा भर पर्ने गर्दछ । यसका अतिरिक्त आर्थिक, सामाजिक विकास आत्मनिर्भरता र आत्मनिर्णयको लागि गरिने संस्थागत निमार्णहरुमा पनि भर पर्दछ । निम्न स्तरको मानब विकासको कारणले नेपाललाई कम बिकाशशिल राष्ट्रहरुको रुपमा बर्गिकरण गरिएको छ । निम्नस्तरको आर्थिक बृद्धिदर र असन्तुलित सम्पक्ति वितरणले गर्दा यहाँको जनसंख्याको ठुलो भाग गरिविको रेखामुनि रहेको छ । लगभग ९०% जनताहरु कृर्षिमा आधारित छन र प्राबिधिक विकास र निमार्ण, उचित सिचाई, भौगोलिक अवस्था, भूक्षय र अन्य प्राकिृतिक समस्याहरुले नेपालको कृर्षि उत्पादनमा कमि आईरहेको छ  (भट्टराई, १९९८) ।

आर्थिक, सामाजिक अवस्था दिन प्रतिदिन परिवर्तन हुदै गईरहेको छन । धरैजसो मजदुरहरु विभिन्न समाज र संस्कृतिको प्रतिनिधित्व गर्दै गाँउबाट आउने गर्दछन् । जे जस्तो भएपनि ति मजदुरहरु एक अर्काका यति नजिक भएका छन कि तिनीहरुले चाड्पर्व र सांस्कृतिक बिश्वासहरुलाई बुझ्ने गर्दछन । धेरैजसो मजदुरहरु गरिब र अनपढ रहेका छन । तिनिहरुमध्ये केहि थोरैमात्र भबिश्यप्रति चिन्तित

देखिन्छन र यो वर्गमात्र आफ्नो परिवार र केटाकेटी प्रति उत्तरदायी देखिन्छन (खनाल, १९९६) ।

टायलरले शहरीया गरीबहरुको अवस्थाको बिशेषताको बारेमा अध्यनगरी बताए अनुशार शहरीया गरीवहरु झुपड बस्तिहरुमा बस्दछन र बिशेषत गरीव र सिमान्त प्रकारका, अपर्यात्त शिक्षित र पेशागत रुपले थिचिएका हुन्छन् । यी झुपड बस्तिहरु गरिबीको चक्रद्धारा उत्पादित भएका पनि हुन सक्दछन् । भत्कीएका घरहरु, भिडहरुको जमात, खुला ढल, अनियन्त्रित फोहोर, झिगा झुमिएको पानी र बिजुलि वक्तिको कमि गरिबीको प्रष्ट्र देखिने बिशेषताहरु हुन् । यिनिहरु एउटा सानो बस्ति भित्र दश, बाह्र र त्यो भन्दा बढि परिवारहरु नातेदारीमा बाधिएर रहेका हुन्छन । जेष्ठ केटाकेटीहरु, कोही कोही त दश बर्ष भन्दा कमकाले आफुभन्दा साना भाई बहिनीहरुको हेरचाह गर्दछन् । यस्ता केटाकेटीहरुले उचित पालन पोषण र शिक्षादिक्षा पाउदैनन् । धेरैजसो बच्चाबच्ची जन्मिएको पहिलो बर्षमा नै मर्ने गर्दछन् । ति केटाकेटी जो स्कुल उमेर सम्म बाँच्दछन १, २ बर्ष स्कुल जान्छन अनि स्कुल छोडन बाध्य हुन्छन किनकी तिनका आमा बाबुहरु आफ्ना केटाकेटीहरुलाई स्कुलमा राख्न लाग्ने रकम तिर्न सक्दैनन् । यसका अतिरिक्त केटाकेटीहरुलाई बाच्नको लागि आफ्नै घरमा काम गर्नु पर्दछ र तिनीहरु सदैब पैसाको पिरालोमा हुने गर्दछन (टायलर, १९६८) ।

नेपालका धेरै ठाउँ मध्ये गरिबी पहाडी क्षेत्रमा ब्याप्त छ र पहाडी र शहरी क्षेत्रको गरिबी एक अर्कामा संम्बन्धित छन । धेरैजसो शहरका श्रमिकहरु पहाडबाट आएका हुन्छन् । तिनीहरुमध्ये धेरैजसो ग्रामिण क्षेत्रका अत्यन्तै दुर्गम ठाँउबाट आएका हुन्छन । सरकारको यस्ता गरिबीको अवस्था सुधार्ने खास कुनै राम्रो योजना छैन । त्यसैले केहि संख्यात्मक गरिबी निवारण भन्दा गरिबीको अवस्थामा नै सुधार ल्याउनु आबश्यक हुन्छ । यसकारण गरिबी अवस्थाको सुधारको लागी केही न्युनतम पैसा भन्दा सरकारले राम्रो निति ल्याउनु आबश्यक छ, गरिबीसँग धरैकुराको संम्बन्ध रहेको हुन्छ । गरिबी आर्थिक बृद्धि नहुनुको कारण हो । ग्रामिण क्षेत्रको गरिबी न्यून आयश्रोत, थोरै ज्याला र बाच्नका लागी कृषि पेशामा मात्र भर पर्नु पर्ने अवस्था नै गरिबीका कारण हुन । त्यस्तैगरी ग्रामिण क्षेत्रमा केहि सिमित व्यक्तिको जग्गा प्रसस्त पनि छ । त्यसैले यस्तो अवस्थाले ग्रामिण क्षेत्रमा जग्गाको असमान बितरणलाई अङ्कित गर्दछ (पौडेल, १९८६) ।

शहरी गरिबी धेरै वा थोरै भएपनि ग्रामिण गरिबीलाई नै प्रतिबिम्वीत गरेको हुन्छ । धेरैजसो विकासशिल देशमा ग्रामिण गरिबीलाई हटाउन शहरमा रोजगारको अवसर प्रदान गरिन्छ जसले ग्रामिण गरिबीलाई कम गरोस, अर्को कारण शहरमा

श्रमिकको लागि पनि धेरै प्रतिस्पर्धा गर्नुपर्ने सुरक्षाको ग्यारेन्टी नहुनु र थोरै पैसामा पनि काम गर्नुपर्ने जस्ता बाध्यता श्रमिकमा छन, ग्रामिण बेरोजगारीका कारणहरुमा उच्च जनसंख्या बृद्धि, उत्पादनमा कमि, रोजगारीको अभाव र कृषिमा आर्थिक लगानिको अभाव हुन भने शहरी गरिबीका कारणहरुमा ग्रामिण क्षेत्रबाट शहरमा बसाई-सराई हुनु उद्योगधन्दा बिना शहरीकरणको विकास हुनु नै हो (राई, १९८०) ।

एउटै बयश्क भरियाले एकपटकमा १०० – १५० के.जी. सम्म भारी बोक्ने गर्दछ जुन उनीहरुको शरीरको तौल भन्दा दोब्बर हुन्छ" (सैजु, २०५१) ।

नेपालको क्यासिनोमा काम गर्ने श्रमिकहरुको बारेमा अध्यन गर्दै अधिकारीले बताएअनुसार धेरैजसो श्रमिकहरु उपत्यका भन्दा बाहिरबाट आएका हुन्छन त्यसैले उनिहरुले विभिन्न सामाजिक, आर्थिक क्षेत्रको प्रतिनिधित्व गरेका हुन्छन । रोजगारीको अबसरले गर्दा यी श्रमिकहरुको सामाजिक, आर्थिक अवस्थामा परिबर्तन आउछ । यसले गर्दा उनिहरुको आर्थिक विकासमात्र नभएर उनिहरुले आधुनिक समाजको प्रतिनिधित्व पनि गर्दछन । उनिहरुले आधुनिक समाजको विभिन्न सुविधाहरुको समेत उपभोग गर्न पाउँछन (अधिकारी, २००१) ।

## २.२ अध्ययनको अबधारणागत संरचना

उपलब्ध सन्द्रर्भ साहित्यको पुनरावलोकनमा आधारित रहि भरिया मजदुरहरुको अवस्थाको ब्याख्या बिश्लेषणका लागि एउटै अबधारणागत ढाँचा बनाउने प्रयास गरिएको छ । गरिबहरुको जीवनयापन र सामाजिक-आर्थिक अवस्थाहरुसँग संम्बन्धित उपलब्ध भएका साहित्यहरुको पुनरावृत्तिमा आधारीत रहेर एउटै अबधारणागत संरचनाको विकास गर्ने प्रयास गरियको छ र यस अध्यनको बिषयबस्तु शहरको गरीबहरुका संम्भावित तत्वहरुको चिनारीमा केन्द्रित रहने छ । उक्त अबधारणागत ढाँचालाई चार्टको रुपलाई चित्र न. २.१ मा प्रस्तुत गरिएको छ । उक्त चित्रमा देखाइए अनुसार, यस संरचनाले ग्रामिण बसाई-सराई गरेका व्यक्तिहरु शहरी जिवन यापनका रणनीति तिनमा सिपउन्मुख पेशामा पहुच, बसोवासको अवस्था, कामको अवस्था, आर्थिक कार्यहरु र स्वतन्त्र परिवर्त्यको रुपमा परिवारमा हुने परिवर्तनहरुलाई समावेश गरिएको छ । उक्त अवधारणाका संरचनाका अनुसार कृषि पेशाका लागि अर्थात गैर कृषि पेशामा भएको अवसरको कमिले गर्दा गाउँका अविकसित ठाउँका गरिबहरुलाई गाउँबाट शहरीकेन्द्रतर्फ जिवनयापनको लागि बसाई-सराई गर्नुपर्ने बाध्यताको सृजना गरेको छ । शहरी जीवनयापनको रणनीतिहरु जस्तो निर्माण, उद्योग, यातायात सेवाहरु, ब्यापार अनि अर्कोतर्फ तुलनात्मक वा संम्बन्धित रुपले

ग्रामिण क्षेत्रमा भन्दा शहरी क्षेत्रमा भएको रोजगारीको बढी अवसरले गर्दा गाउँले गरिबहरु शहरतर्फ उन्मुख रहेको पाईन्छ ।

अनि धेरै संख्याको रुपमा रहेका शहरका गरिब मानिसहरु जसमा बसाई-सराई गरेर आएका मानिसहरुपनि पर्दछन । जुन मानिसहरुसँग शिक्षा र सिपको कमि छ । ती गरिबहरु आत्मादेखि गुणदेखि नै गैरकृषि पेशामा कुनै अनुभब नभएकाहरु छन तीनिहरु ऋणी र गरिब छन । तीनिहरुको रोजगारको आवश्यकताले उनीहरुलाई कुनै पनि पेशा चाहे त्यो राम्रो होस या नराम्रो अपनाउनको लागि वाध्य बनाईएको छ । जसोतसो जबदेखि तिनिहरुको कृषि पेशामा थोरै अनुभब थियो त्यो पक्ष पनि आफ्नो व्यवहारीक अनुभब भएको हुदाँ उनी आफ्नो कामका लागी असमक्ष र अनुभव बिहिन छन तीनिहरुसँग सिपमुलक र शैलिमुलक कामको पहुच रहेको छैन त्यसकारणले गर्दा तीनिहरुसँग शहरमा सिमित रोजगारको अवसर भन्दा अरु बिकल्प छैन । अर्कोतर्फ शहरमा यातायातको सुविधाहरुको चाप बढ्दै गएको स्थिति छ । यि सेवाहरुले पनि जिवनयापनको लागि धेरै अवसरहरु प्रदान गरेका छन । जस्तै: बस चालक, बसकन्डक्टर, विभिन्न इटा कारखानामा मजदुरी, घर बनाउने काममा मजदुरी, टेम्पो चालक, टागा चालक, ठेला चालक, रिक्सा चालक इत्यादी । सामान्य हिसाबले गरिव, अशिक्षित, अदक्ष तर शारीरिक रुपमा सुसंगठित व्यक्तिहरुका लागि भारी बोक्ने पेशा सजिलै पाउने  कामको रुपमा लिन सकिन्छ उक्त पेशाको आय ज्यादै न्यून छ । जसले दुई छाक पुऱ्याउन पनि कठिन पर्दछ । उनीहरुको काम गर्ने अवस्था र कमाईले उनीहरुले बसाई रहनसहनको अवस्था आर्थिक क्रियाकलापहरु र सामाजिक तथा पेशागत संम्बन्धलाई निर्देशित गरको हुन्छ ।

## २.३ परिवर्त्यहरुको मापन

यस अध्ययनको उद्धेश्यहरुको संम्बन्धमा र उक्त अध्ययनको प्रक्रियामा अनुसन्धानको समस्यासँग संम्बन्धित उपलब्ध संम्बन्ध सहित्यको समिक्षा, अध्ययनको अवधारणागत मध्ये केहि परिवत्यहरुको अवधारणलाई पनी मनन गरिएको छ । ती अवधारणाहरु मध्ये केहि परिवत्यहरु एक ढाचाँका मात्र थिए । ति एक ढाचीय परिवत्यहरुको परिभाषा आबश्यक पर्दैन जस्तैः उमेर , धर्म , जाति, जनजाति आदि ।

यस अध्ययनमा अरु केहि परिवत्यहरु थिए जसको प्रयोग बहुढाचाँ वा बहुपक्षीय रुपमा गरिएको थियो र तिनीहरुलाई अबधारणाको रुपमा लिएर क्षेत्रगत रुपले परिभाषा गरियो र तिनीहरुको क्षेत्रीय मापन किटान गर्न सकियो । जसको सांराश छोटकरीमा तल दिईएको छ ।

| अबधारणा | परिभाषा | मापन |
|---|---|---|
| सामाजीक,आर्थिक पृष्ठभूमी | १.बसाई-सराई | i.स्थायी बसोबास भएको जिल्ला<br>ii.आफ्नो ठाँउ छोड्नुको कारण |
| | २.जात/जाति | i.जात/जातिगत बिवरण |
| | ३. परिवारको संरचना | i.परिवारको प्रकार<br>ii.सदस्य संख्या |
| | ५. जग्गाको स्वामित्व | i.जग्गा जमिन छ/छैन<br>ii.जग्गाको क्षेत्रफल: रोपनीमा<br>iii.जग्गा भए आफ्नो खेतीले खान पुग्ने, नपुग्ने |
| | ६.खाधान्न पर्याप्तता | i.आफ्नै उत्पादनले खान पुग्ने महिना |
| | ७. आम्दानीका अन्य श्रोतहरु | i.आम्दानीको अन्य श्रोत : छ/छैन<br>ii.छ भने कस्तो छ सबै श्रोतहरुको नामः : |
| | ८.पहिलेको पेशा | i.पहिला गरेको काम छोड्को/नछोड्को |
| भरिया पेशा | १.भरिया पेशामा बिताएको अबधि | i.भरिया पेशामा लागेको अबधि<br>ii.काम गर्ने, गराउने आधारहरु |

| | | |
|---|---|---|
| | २. दुरी | i.काम गर्ने दुरी<br>ii.काममा आउने समय, कामबाट जाने समय |
| | ३. पारीश्रमिक | i.कसले तोक्छ<br>ii.कति पाईन्छ<br>iii.पाउने आधार |
| | ४. कमाई | i.दैनिक कमाईको रकम रु.<br>ii पर्याप्त/अपर्याप्तः छ/छैन |
| | ५.बचत | i.बचत हुन्छ/हुदैन<br>ii.घर पठाउने/नपठाउने<br>iii.पठाउने अन्तराल |
| | ६.स्वास्थ्य स्थिति | i.स्वास्थ्य संम्बन्धि समस्याहरु छ/छैन<br>ii.खालिहुदाँको उनिहरुको अनुभब |
| | ७.चुनौति | i. चुनौतिहरु छ/छैन<br>ii.छ भने के को |
| सामाजिक तथा पेशागत संम्बन्ध | १.फर्कने समय | i. घर फर्कने अन्तराल |
| | २.पारिवारीक संम्बन्ध | i.उनीहरुले परिवारलाई समय दिन सक्छन/सक्दैनन्<br>ii.नातागोता इष्टमित्र सँग कत्तिको समय दिन्छन्/दिदैनन् |
| | ३. सहकर्मि सँगको संम्बन्ध | i.संम्बन्ध को किसिम<br>राम्रो,नराम्रो |
| | ५.सहयोग | i.उनीहरुको सहयोग आदान-प्रदानको स्थिती<br>ii. आफुले गरेको सहयोगको प्रकार<br>iii. उनिहरुले गरेको सहयोगको प्रकार |
| | ६.संध–संगठनमा आबद्धता | i.संध-संगठनबारे जानकारी छ/छैन<br>ii. सदस्यता लिएको छ/छैन<br>iii. कार्यक्रमहरुमा सहभागिता छ/छैन |

# अध्याय तिन
# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

प्रस्तुत अध्ययन कीर्तिपुरमा रहेका भरियाहरुमा आधारित छ । त्यसैले यसको अध्ययन क्षेत्र कीर्तिपुर रहेको छ । अध्ययन क्षेत्रको रुपमा कीर्तिपुरलाई छनौट गर्नुमा मुख्यतः निम्न कारणहरु रहेका छन । (क) रु. २०, ३० मै ८० देखि १०० के. जि. भारी बोक्ने गरेको (ख) अस्वस्थकर वातावरणमा कुनै निश्चित समय बिना खाना खाने गरेको (ग) पाटी पौवाहरुमा सुत्ने गरेको (घ) सामाजिक मूल्य-मान्यतालाई अस्वीकार गर्ने गरेको (ङ) झट्ट हेर्दापनि मानसिक तनाबबाट गुज्रेको जस्तो देखिने (च) आम जन-मानससँग खुलेर बोल्न नचाहने (छ) बढि कुलतमा फसेको देखिने र अध्ययन गर्न चाहने अनुसन्धानकर्ता कीर्तिपुरका भरियासँग नजीकबाट परिचित भएको र यो भन्दा अगाडि कीर्तिपुरका नाम्ले र डोके भरियाहरुका बारेमा कुनै आधिकारीक निकाय, संघसंस्था अथवा कुनै व्यक्तिले अध्ययन नगरेको हुँदा अध्ययन क्षेत्र कीर्तिपुर रोजिएको हो ।

## ३.२ अनुसन्धान प्रारुप

प्रस्तुत अध्ययनको क्रममा वर्णनात्मक अनुसन्धान प्रारुप अपनाईएको छ । यसै अनुरुप अध्ययनमा समेटिएका बिबिध बिषय बस्तुहरुको बारेमा संकलित सुचना एवं तथ्यांकहरुलाई बिवरणात्मक रुपमा प्रस्तुत गरिएको छ । कतिपय बिबरणहरुलाई ब्याख्या गर्ने क्रममा तिनीहरुलाई स-बिस्तार बिश्लेषण समेत गरिएको छ ।

## ३.३ तथ्यांकको श्रोतहरु

तथ्यांकका श्रोतहरु प्राथमिक र द्बितिय श्रोत रहेका छन् । प्राथमिक अन्तर्गत अनुसन्धानकर्ता संम्बन्धित क्षेत्रमा गई भरियाहरुबाट जम्मा गरेका तथ्यांकहरु छन भने द्बितिय श्रोतहरुमा विभिन्न भरियासँग संम्बन्धित पुस्तक, पत्रपत्रिका, रिपोर्ट, सेमिनार, गोष्ठिबाट प्राप्त कागजात, राष्ट्रिय अन्तराष्ट्रिय श्रमसंघठनका प्रतिवेदनहरु, गैरसरकारी संघसंस्थाका सर्वेक्षणहरुका साथै भरियाहरु माथि लेखिएका रचनाहरुलाई पनि आधार बनाइएको छ ।

## ३.४ अध्ययनको समग्र र नमुना

अध्ययनको समग्र काठमाण्डौं जिल्लाको कीर्तिपुर नगरपालिका रहेको छ । अध्ययनको क्षेत्र कीर्तिपुरमा भरियाहरु रहने विभिन्न चोकहरु रहेका छन जसमध्ये भरियाहरुको काम गर्ने स्थान निश्चित चोकहरुमा भएको हुदाँ मानिसहरु जमघट हुने त्यस्ता चोकहरु कीर्तिपुरको (क) पागा वसपार्क (ख) नयाँ बजार (ग) नवां गाँउ दोबाटो (घ) पाँगा दोबाटो गरि चार चोकहरु अध्ययनको क्षेत्र रहेका छन् । चार चोकहरुबाट चालिस जना भरिया मजदुरहरुलाई संभावनारहित नमुना छनौटमा पारी अध्ययनमा समावेश गरिएको छ । यसरी समावेश गर्दा अनुसन्धानकर्ता संम्बन्धित क्षेत्रमा जादाँ जुन जुन भरियाहरु सर्वप्रथम भेट भए तिनीहरुलाई नमुना छनौटमा पारी उत्तरदाताको रुपमा समावेश गरि अध्ययन गरिएको छ ।

## ३.५ तथ्यांङ्क संकलन बिधि

प्रस्तुत अध्ययन मूलतः भरियाहरुसँग अन्तरवार्ताको माध्यमबाट संकलन गरिएका सूचना तथा तथ्याङ्कहरुमा आधारित छ । भरियासँग अन्तवार्ता लिनको लागि अर्ध संरचित अन्तरवार्ता अनुसूचि तयार पारिएको थियो । अन्तरवार्ता अनुसूचिको भाग १ मा भरियाहरुको सामाजिक आर्थिक पृष्ठभूमि संम्बन्धित बिबिध पक्षहरुलाई समेटिएको छ जसमा उनिहरुको स्थायी बसोबास, जात/जाति, परिवारको संरचना र परिवारको आकार को बारेमा प्रश्न पत्रको सुचि मार्फत भरियाहरुलाई भन्न लगाई टिपोट गरी उनिहरुको बारेको सम्पुण जानकारि लिईएको थियो ।

जसमा भरियाहरुले नबुझेको प्रश्नहरुलाई पनि उनिहरुलाई बुझने भाषामा ढालि तथ्याङ्क संकलन गरियको थियो यसरी नै भाग २ मा भरिया पेशाको बारेमा सम्पुण तथ्याङ्कहरु जस्तैः भरिया पेशामा लागेको अबधि ,उनिहरुलाई काम गराउने आधार, काम गर्ने दुरी आउने जाने समय, पारिश्रमिक तोक्ने आधार, भरिया पेशाबाट हुने कमाईलाई साथै उक्त कमाई बाट खान पुगे नपुगेको, बचत भए नभएको कुराहरु उनिहरुलाई एकान्तमा लगेर पालै पालो गरी सोधि तथ्याङ्क लिईयो । यसरी नै अन्तमा उनिहरुको सामाजिक र पेशागत संम्बन्धको बारेमा उनिहरुको परिवार सँगको संम्बन्ध, सहकर्मि साथि, काम लगाउने र पेशागत संघ संगठनमा उनिहरुको सहभागिताको बारेमा सोधिएको थियो भने उनिहरुबाट आएका सबै जसो तथ्याङ्कलाई सरत ढगंबाट टिपोट गरि राखियको थियो ।

खासगरी अन्तवार्ताका अतिरिक्त भरियाका दैनिक क्रियाकलाप संम्बन्धि बिबिध पक्षको बारेमा अवलोकन मार्फत जानकारी संकलन गरिएको थियो ।

## ३.६ तथ्यांक विश्लेषण

संकलन गरिएका  तथ्याङ्कलाई सर्बप्रथम क्रमबद्ध रुपमा मिलाउने काम गरीयो । अध्ययनको उद्धेश्य सँग नमिल्ने वा अनाबश्यक तथ्याङ्कलाई काटछाट गरी मिलाउने काम गरी सकेपछि बाकि तथ्याङ्कलाई एक-एक क्रमबद्ध गरी मिलाएर नंम्बर दिदै कम्प्युटरको सहायताले एक्सल को प्रयोग गरी ति तथ्याङ्कलाई संख्यामा बदलि त्यो संख्यालाई प्रतिशतमा बदलियो र संख्यात्मक रुपमा व्यक्त गर्न नसकिने तथ्याङ्कलाई गुणात्मक रुपमा ब्याख्या गर्नको लागि छुट्टै क्रममा राखियो र सरल तालिकामा प्रस्तुत गरी त्यसलाई प्रतिशत बितरणका आधारमा ब्याख्या गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

प्रस्तुत अध्ययन कीर्तिपुरका भरियाहरुको मात्र भएकोले अध्ययनको निष्कर्ष नेपालकै अन्य ग्रामिण, सहरी क्षेत्रका भरियाहरुमा सामान्यिकरण गर्न सकिदैन । यस बाहेक कीर्तिपुरकै भरियाहरुमा पनि यस अध्ययनका निम्न सिमाहरु रहेका छन ।

१. कीर्तिपुरका भरिया भएतापनि पाँगा बसपार्क, नयाँबजार, नवागाँउ दोवाटो र पाँगा चोकहरु मात्र समावेश गरिएका छन । यिनिहरु पनि Accidental Sampling Technique बाट छानिएको हुनाले अरुलाई प्रतिनिधित्व नगर्न सक्छ ।
२. कीर्तिपुरका भरियाहरुको अध्ययन भएतापनि पुरुष भरियालाई मात्र समावेश गरिएको छ । महिला भरियाहरुलाई यो अध्ययनले प्रतिनिधित्व नगर्न सक्छ ।
३. भरियाहरु धेरै खाले हुने भएकोले यो अध्ययन नाम्ले र डोके भरियाहरुमा भएकोले अन्य भरियाहरुलाई नसेमटन सक्छ ।

# अध्याय चार
# तथ्याङ्कको प्रस्तुतिकरण र विश्लेषण

## ४.१ भरियाहरुको सामाजिक, आर्थिक पृष्ठभूमि

सामाजिक जिवनको सम्पुर्ण पक्षको अध्ययन गर्ने शास्त्र समाजशास्त्र भए जस्तै आर्थिक जिवनको बारेका बिबिध गतिबिधिलाई अध्ययन गर्ने शास्त्र अर्थशास्त्र हो त्यसकारण अर्थशास्त्र र समाजशास्त्र सामाजिक जिवनका महत्वपुण र प्रभावजन्य विषयहरु हुन । अर्थशास्त्रमा समाजको आर्थिक क्रियाकलाप, उत्पादन, बितरण, विनिमय, तथा उपभोग संम्बन्धि पक्षको अध्ययन गरीएको हुन्छ जबकि समाजशास्त्रमा उत्पादन, बितरण तथा उपभोग र समाजको आबश्यकता, पहुच तथा संम्बन्धका बारेमा अध्ययन गरीएको हुन्छ । समाजशास्त्रका बिषयबस्तुहरु परिवार, बिवाह, श्रम बिभाजन, नाता संम्बन्ध, संस्कृति, धर्म, लगायतका अनेक बिषयमा अर्थब्यबस्थाको गहिरो प्रभाब परेको हुन्छ । यसरी समाजमा ब्याप्त आम्दानी, खर्च, लगानी, गरिबी, बेरोजगारी जस्ता पक्षको दुबै पक्षसँग संम्बन्धित अध्ययन हो जसरी सामाजिक बितरणको लागि समाजको सामाजिक बिश्लेषणको आबश्यकता र महत्व रहेको हुन्छ ।

समाजका कतिपय समस्याहरु आर्थिक कारणबाट नै सिर्जना हुने हुदाँ प्रत्येक सामाजिक समस्याहरुको बास्तबिक प्रकृति बुझ्न समाजको अर्थब्यबस्था र समाजमा रहेका व्यक्तिहरुको अर्थब्यबस्था र सामाजिक ब्यबस्थाका बारे अन्योन्याश्रीत संम्बन्ध राख्दै सामाजीक घटना तथा अवस्थाहरुको अध्ययन गर्नु पर्दछ । जसको कारण हामि पनि अध्ययनमा समाबेश भएका भरियाहरुको सामाजिक स्थितिको अध्ययनको लागि छनौट गरिएका व्यक्तिहरुसँग उनीहरुको सामाजिक ब्यबहारमा पारिवारीक संरचना, परिवारको आम्दानीको श्रोतहरुको स्थिति, परिवार संख्या, छोराछोरीको शैक्षिक स्तर,जग्गा माथि उनिहरुको स्वामित्व, सामाजिक अस्थिरता वा बसाई -सराई सम्बन्धि प्रश्नावलीको आधारमा जानकारी लिइएको छ ।

### ४.१.१ बसाई-सराई

बसाई-सराई एउटै संसारभरि नै चलिरहने प्रक्रिया हो जसको सामाजिक, आर्थिक, साँस्कृतिक पक्षहरु धेरै छन् । कुनै पनि मानिस आफ्नो भविष्य र जीवनलाई बढि सहज र सफल बनाउने चाहानाको खोजिमा आफ्नो जन्म घर छोडेर रोजगारीको अवसर प्राप्त गर्ने आशामा अर्को स्थानमा बसाई-सराई गरेको पाइन्छ । यस्ता मानिसहरु खासगरी आर्थिक आर्जन, शिक्षा लगायतका विभिन्न उद्देश्यहरु पुरा गर्नका लागि एक स्थानवाट अर्को स्थानमा स्थानान्तरण गरेको पाइन्छ ।

तलको तालिकाले कीर्तिपुरमा भएको भरियाहरुको मुल थलो कहाँ अथवा कुन जिल्लाबाट यहाँ आए भन्ने कुरालाई बताएको छ । खासगरि शहरी ठाँउ र तराईका जिल्लाहरुको दाँजोमा पहाडी जिल्लाहरुका मानिसहरुको आर्थिक अवस्था साह्रै न्यून छ । तराईमा र शहरी ठाँउमा आर्थिक लाभका अवसरहरु पहाडी इलाकाको दाँजोमा बढी छ । वी.पी. श्रेष्ठ (१९८१) का अनुसार देशको ८०% कलकारखानाहरु तराईमा र शहरी क्षेत्रमा नै सिमित छन र सम्पूर्ण लगानिको ८८% पुँजि तराई र शहरी क्षेत्रमा लगानी गरिएको छ भने कूलरोजगारीको ९०% तराई र शहरी क्षेत्रमा ठूला औद्योगिक कलकारखानाबाट रोजगारी पाइएको  तथ्याङ्क छ ।

**तालिका नं १ः स्थायी बसोबास भएको जिल्ला**

| जिल्ला | जम्मा | प्रतिशत |
|---|---|---|
| नुहाकोट | 8 | 20.0 |
| काठमाण्डौं | 4 | 10.0 |
| मकवानपुर,धादिङ्ग | 6* | 15.0 |
| पाल्पा,पर्वत,सिन्धुपाल्चोक, तनहु,रुकुम,काभ्रेपलान्चोक | 12** | 30.0 |
| बाग्लुङ्ग,गोर्खा,रामेछाप,ताप्लेजुङ, तेह्रथुम,खोटाङ,दाङ,रसुवा, ओखलढुङ्गा, रौतहट | 10*** | 25.0 |
| जम्मा | 40 | 100 |

*स्रोत : स्थलगत निरीक्षण, २०६५ ।*

नोट : * प्रत्येक जिल्लाबाट तीन तीन जना ।

** प्रत्येक जिल्लाबाट दुई दुई जना ।

*** प्रत्येक जिल्लाबाट एक एक जना ।

माथिको तालिकामा पनि यही तथ्यलाई प्रष्ट पारेको छ । यस अध्ययनमा छनोट गरिएका व्यक्तिहरु पनि अधिकांश पहाडी क्षेत्रका नै छन । सबैभन्दा बढी भरियाहरु नुवाकोट जिल्लाका छन । त्यसपछि क्रमशः काठमाण्डौं, धादिङ, मकवानपूर जिल्लाका गाउँका वासिन्दाहरु छन र अन्य धेरैजसो पहाडि जिल्लाका मानिसहरु रहेको पाइन्छ । यसमा पनि नुवाकोट र काठमाण्डौं जिल्लाका भरियाहरु बढी हुनुमा कीर्तिपुरबाट नजिक हुनु नै हो ।

यसरी नै अध्ययनको क्रममा भरियाहरु आफ्नो गाँउ छोड्न किन पुगे भन्ने बिषय पनि महत्वपुण हुन पुग्यो जसको बारेमा जान्न खोज्दा भरियाहरु आधा भन्दा बढि धेरै जसो गाँउमा काम नपाएर शहर तिर झरेको पाईयो भने विभिन्न कुलतमा फसेर अर्कि स्वास्नी लिन पुगी दुबै स्वास्नी एकै ठाँउ बस्न नसक्दा कान्छि स्वास्नी लिएर भाग्नु परेको बाध्यता सुनाए, यसरीनै घरपरिवार सँग झगडा भएर, बाबुले अर्कि स्वास्नी ल्याएर, स्वास्नी पोईल गएर, जनयुद्धको कारण गाउँमा बस्न नसकेर आफ्नो ठाँउ छोड्नु परेको बाध्यता पाईयो । यसरी आफ्नो ठाँउ छोड्दा उनिहरु एक्लै शहर तिर आउनेहरु ४० जना उत्तरदाता मध्ये २५ पाईए भने आफ्नो सानो परिवार सँग शहर तिर आउनेहरु अरु पाईए । यसबाट हामि के बुझन सक्छौ भने मानिसहरु प्रायः आफ्नो  शरीर पाल्न बाध्यताले नै कामको खोजिमा शहर पस्दो रहेछ र उचित शिक्षा र शिपको अभावमा भरिया पेशा अपनाउदो रहेछ ।

## ४.१.२ जात/जाति

समाज विभिन्न जातजाति, आदिबासि र तिनिहरुको सामाजिक, सांस्कृतिक परम्पराहरुको एकिकृत रुप हो । प्रत्येक समाजमा खासगरी जातिगत आधारमा समाज स्तरीकृत भएको हुन्छ । कुनै समाज नहोला कि विभिन्न जातजाति नभएको होस । यसरी सामाजिक बर्गिकरणमा सबै जातिहरुबिच समान किसिमको आर्थिक तथा सामाजिक अवस्था पाउन सकिदैन । जात वा प्रजातिय आधारमा नै सामाजिक प्रतिष्ठा, अवसर तथा स्रोतहरु माथि नियन्त्रण हुने गरेको देखिन्छ । जातिय ब्यवस्था भएका समाजमा खासगरी हिन्दु समाजमा जातिय ब्यवस्था पाईन्छ । प्रजातिय वा जातिय आधारमा हुने व्यवहार, क्रियाकलाप र उच, निचको भावनाले सामाजिक विभिन्नता र आर्थिक असमानताहरु सिर्जना गरेको पाईन्छ ।

जातिय आधारमा सामाजिक स्तरीकरणको स्थिति र असमानतालाई हेर्दा यस्तो समाज खासगरी हिन्दु सामाजिक संरचना भएको समाजमा पाईन्छ । दक्षिण एसिया र खासगरी भारत र नेपालमा जाति ब्यवस्थामा आधारीत समाज छ । नेपाल विभिन्न

जातजाति र भाषा भेषिहरुको संगम स्थल हो । पूर्व मेची देखि पश्चिम महाकालि सम्म विभिन्न जातजाति छरिएर रहेका छन । बाम्हण, क्षेत्रि, वैश्य, शुद्रको वर्ण व्यवस्था अन्तरगत विभिन्न जातजातिहरु समाबेश गरियको छ । विभिन्न स्थानमा बसोबास गर्ने जातजातिहरुले फरक-फरक सांस्कृतिक अभ्यास र फरक-फरक काममा बाधिएको पाईन्छ । त्यसैले पनि यस अध्ययनमा भरियाहरु कुन-कुन जाति समुहका रहेछन भन्ने थाहाँ पाउन वा यस्तो काममा कस्तो जाति समूहका मानिसहरु आउदछन त भन्ने बुझन यस शिर्षकलाई समाबेश गरिएको छ ।

**तालिका नं २: जात/जातिगत बिवरण**

| जाति/जनजाति | संख्या | प्रतिशत |
|---|---|---|
| मगर | 12 | 27.5 |
| बाम्हण | 4 | 10.0 |
| क्षेत्रि | 5 | 12.5 |
| राई | 7 | 17.5 |
| तामाङ | 8 | 20.0 |
| शेर्पा | 4 | 10.0 |
| जम्मा | 40 | 100 |

*स्रोत : स्थलगत निरीक्षण, २०६५ ।*

यसरी माथिको तालिका अनुसार भरिया पेशामा संम्लग्न जातिहरु बढि मगर, राई, तामाङ, शेर्पाहरु पाईए यिनीहरु जनजातिमा पर्दछन । यसको मुख्यकारण शारिरीक रुपमा समृद्ध तर शिक्षाको अभावमा यो जाति बढि रुपमा यो पेशामा संम्लग्न रहेछन भने बाम्हण, र क्षेत्रि भने न्यून मात्रमा करिब एक चौथाई मात्र यो पेशामा लागेका रहेछन जुन कुल जनसंख्याको हिशाबले पनि कम नै हो ।

## ४.१.३ परिवारको संरचना

परिवार समाजको सबैभन्दा महत्वपुर्ण प्रारम्भिक समूह हो । यो सामाजिक समूहको आधार पनि हो । परिवार एउटै विश्वब्यापी संस्था हो जुन सबैभन्दा बढी स्थायी तथा सर्वब्यापी हुन्छ । शारीरिक आबश्यकताहरु एवं यौन आबश्यकताहरु परिपूर्तिका लागि परिवारको जन्म भयो । यौन संम्बन्ध तथा सन्तानोप्पादन गर्न यसले सामाजिक मान्यताहरु प्रदान गर्छ । यसले भावानात्मक धनिष्टताको बातावरण दिएर

बालकको उचित पालनपोषण, सामाजिकिकरण अर्थात शिक्षादिक्षामा समेत मद्धत पुर्‍याउँछ । यी मानव जातिहरु आत्म-संरक्षण तथा जातीय जीवनको निरन्तरता कायम गर्ने मूख्य साधन हो । त्यसैले यस अध्ययनमा भरियाहरुको परिवारको स्थितिलाई पनि अध्ययनमा समाबेश गरीएको थियौ । जसलाई तलको तालिकामा देखाईएको छ ।

**तालिका नं ३: परिवारको किसिम**

| परिवारको किसिम | व्यक्ति संख्या | प्रतिशत |
|---|---|---|
| एकल परिवार | 18 | 45.0 |
| संयुक्त परिवार | 22 | 55.0 |
| जम्मा | 40 | 100 |

*स्रोत : स्थलगत निरीक्षण, २०६५ ।*

छानिएका उत्तरदाताहरुमध्ये केहि बढि परिवारहरु संयुक्त परिवारमा बसेको पाईयो भने थोरै कम एकल परिवारको रुपमा बसेका रहेछन जसमा पनि संयुक्त परिवारमा बसेकाहरु पनि संम्पत्ति थोरै भएका कारण एकल परिवारमा बसेपनि नछुट्टेको स्थिति रहेछ भने एकल परिवारमा बसेका पनि केहि आफुमात्रै एक्लै बस्नेगर्दा रहेछन । जसको कारण बारे जान्न खोज्दा आजै कमाएर आजै खाने हुदाँ अरु परिवार पाल्न नसक्ने स्थितिले गर्दा सो गरेको पाईयो । त्यसरी नै परिवारमा कोहि नहुनेहरु पनि कुल ४० मध्ये ६ जना पाईए उनिहरु मध्ये केहिको परिवार बारे जान्न खोज्दा कोहिले आफु सडकबाट नै ठुलो भएको र अन्य कुरा बताउन चाहेनन ।

परिवार सबैभन्दा महत्वपुर्ण सामाजिक संस्था हो । सबै व्यक्तिहरु परिवारमा नै आश्रित भएका हुन्छन । परिवारले नै कुनै पनि व्यक्तिलाई सहि दिशा दिन प्रेरित गरेको हुन्छ । यस अध्ययनमा पनि परिवारको आकारले कुन परिवारमा कति जना सदस्यहरु एकै थलोमा बसोबास गर्दछन भन्ने कुरालाई थाहाँ पाउन खोजिएको छ । एक जना व्यक्तिले कतिजना परिवारलाई आफ्नो कमाईले पाल्नु पर्दो रहेछ भन्ने थाहाँ पाउनको लागि परिवारको आकारलाई अध्ययनको बिषयबस्तु बनाईएको थियो । जसलाई तलको तालिकामा देखाईएको छ ।

**तालिका नं ४: परिवारको आकार**

| परिवार सदस्य संख्या | आवृत्ति | प्रतिशत |
|---|---|---|
| १-४ | 13 | 32 .5 |
| ५-८ | 25 | 62 .5 |
| ९भन्दा माथि | 2 | 5.0 |
| जम्मा | 40 | 100 |

*स्रोत : स्थलगत निरीक्षण, २०६५ ।*

छानिएका उत्तरदाताहरु मध्ये आधा भन्दा बढि परिवारहरु ५-८ जना सदस्य संख्या रहेको परिवारमा बसोबास गर्दा रहेछन । आफु कामको सिलसिलामा छुट्टै ठाँउमा आए पनि उनिहरुको आफ्नो परिवार प्रति उत्तरदायित्व भएको देखियो । खासगरि यहाँ ठुलो परिवार रहनेहरुको संख्या एकदम न्यून पाईयो जसको कारण आर्थिक कारण हुने पारिवारीक कलह बुझियो । भरियाहरुलाई सरकारबाट कुनै सामाजिक सुरक्षाको ब्यबस्था छैन । शारीरिक असक्ततापछि उनीहरुको परिवारका सदस्यहरु माथि नै भर पर्नुपर्ने हुन्छ । त्यसकारण परिवारमा जति बढि सदस्य संख्या हुन्छ त्यति नै बढि सामाजिक सुरक्षा भएको महसुस उनिहरुले गरेको पाईयो ।

## ४.१.४ शैक्षिक स्थिति

शिक्षा हरेक मान्छेको लागि अत्यावश्यक गुण हो । शिक्षाले शिप, दक्षयताको लागि सहयोग पुऱ्याउछ र कसरी एउटै सक्षम मानिस बन्ने भन्ने सिकाउछ । शिक्षाले मानिसलाई योग्य बनाउछ । शिक्षित मानिसहरु को गैर कृषि पेशामा भन्दा औपचारीक क्षेत्रहरुतिर अशिक्षितहरु भन्दा बढि पहूच हुन्छ त्यसैगरी शिक्षित आमा बाबुले आशिक्षित आमा बाबु भन्दा आफ्ना केटा केटीहरुलाई विद्यालय पठाउन बढि प्रेरीत गरेका हुन्छन । यस अध्ययनमा भरियाहरुको शिक्षालाई पनि साँचोको रुपमा प्रयोग गरी अध्ययन गर्न खोजिएको छ । जसलाई तलका तालिकाबाट बुझ्न सकिन्छ ।

**तालिका नं ५: भरियाहरुको शिक्षा**

| शिक्षाको तह | संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | 13 | 32.5 |
| साक्षर तर स्कुल नगएका | 7 | 17.5 |
| प्राथमिक तह | 6 | 15.0 |
| निम्न माध्यमिक तह | 4 | 10.0 |
| माध्यमिक तह | 9 | 22.5 |
| आई.ए. | 1 | 2.5 |
| जम्मा | 40 | 100 |

*स्रोत : स्थलगत निरीक्षण, २०६५ ।*

माथिको तालिका अनुशार यहाँ रहेका भरियाहरु को आधा जसो संख्या अशिक्षित वा असाक्षर रहेछन भने स्कुल गएर औपचारीक भर्ना नभएका तर आफ्नो नाम सम्म लेख्न जान्नेहरु पनि कुल चालिस जनामा सात जना पाईए अरु एक तिहाई भरियाहरु माध्यमिक तह अर्थात (नौ र दश) कक्षामा धेरै पटक फेल भई छोडेकोहरु पनि रहेछन भने त्यतिनै भरियाहरु एक देखि आठ सम्मको बिचमा अध्ययन छोडनेको संख्या रहेछ । अध्ययनको क्रममा मात्र एक जना आई.ए. पास गरेको भरिया पाईयो तर उक्त भरिया पढदा पढदै केहि मानसिक सन्तुलन गुमाई यो पेशामा आएको देखियो ।

यसै क्रममा उनिहरुको परिवारको शैक्षिक स्थितिबारे उनिहरुलाई सोधिदा उनिहरु मध्ये आधा जसोको परिवार अशिक्षित रहेको बताए जुन गाँउमै हलि किसानि गर्ने नपढेको पारिवारीक पृष्ठभूमि बाट आएका भरियाहरु आफु पनि अशिक्षित हुनुको कारण हुन सक्छ । त्यसैगरी अन्य भरियाका परिवारहरु पनि पाँच कक्षा भन्दा माथि पढेको परिवारहरु कोहि पाईएन । यसैकारण भरियाहरु आफु त धेरैको संख्यामा अशिक्षित रहेछन तर उनिहरु आफ्ना बाल-बालिकालाई स्कुल पठाउछन वा पठाउदैनन भन्ने बिषय पनि महत्वपुण भएको हुदाँ यसलाई पनि अध्ययनका प्रश्नहरुमा समाबेश गरियको थियो । जसलाई तलको तालिकामा देखाईएको छ ।

**तालिका नं ६: छोरा, छोरी स्कुल पठाउने, नपठाउने**

| अवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| छोरा,छोरी दुबै स्कुल पठाउनेहरु | 11 | 40.8 |
| छोरा पठाउने छोरी स्कुल नपठाउने | 4 | 14.8 |
| छोरी पठाउने, छोरा स्कुल नपठाउने | 6 | 22.2 |
| छोरा,छोरी दुबै नपठाउनेहरु | 2 | 7.4 |
| सानै भएका कारण नपठाउनेहरु | 4 | 14.8 |
| जम्मा | 27* | 100 |

*स्रोत : स्थलगत निरीक्षण, २०६५ ।*

नोटः * बिहे भएर छोरा छोरी पनि भएका उत्तरदाता =27 जना

बिहे नै नभएका उत्तरदाता =13 जना

यसैगरि माथिको तालिका अनुशार बिहे भएर छोराछोरीको जन्मपनि भई सकेका २७ जना उत्तरदाता मध्ये दुबै स्कुल पठाउनेहरु कुल प्रतिशतको ४०.८ प्रतिशत भेटिए भने छोरा पठाउने छोरी स्कुल नपठाउने र सानै भएका कारण नपठाउनेहरु कुल प्रतिशतको १४.८/१४.८ प्रतिशत पाईयो भने छोरी पठाउने, छोरा स्कुल नपठाउने को प्रतिशत २२.२ रहेको छ भने दुबै नपठाउनेहरु ७.४ प्रतिशत दखियो । भने उत्तरदात्ताहरुबाट छोरा छोरी स्कुल नपठाउनुको कारण बारे जान्न खोज्दा सबै जसोको उत्तर साना केटा, केटी हेर्नुपर्ने भएको साथै आफ्नो आर्थिक अवस्था कमजोर भएको कारण नै उनिहरुले आफ्नो बच्चाबच्चि स्कुल नपठाएको देखियो । यसरी कुल ४० जना मध्ये १३ जना उत्तरदाता बिहे नभएका उत्तरदाताहरु रहेछन ।

## ४.१.५ जग्गाको स्वामित्व र क्षेत्रफल

भुमि उत्पादनको एउटै प्रमुख कारक तत्व हो । नेपालको ग्रामिण भागमा बस्ने मानिसहरुको लागि भुमि एउटै उनिहरुको जिवन यापनको लागि प्रमुख श्रोतहरुको रुपमा रहेको छ । ग्रामिण इलाकामा मान्छेको आर्थिक पद स्थान उसको भुमि लाई हेरेर नाप, जोख गरिन्छ । भुमिको पकड को आकार लाई मापन गर्दा हरेक प्रकारको भुमिहरु जस्तैः खेती योग्य, घर बाँसको, खर खर्‍यान आदि जुन उत्तर दाताको परिवारले भोग चलन गरेका छन ति कुराहरु समाबेस गरिएको छ । विभिन्न प्रकारका मापनहरुलाई रोपनीमा ढाली अध्ययन गरिएको छ ।

**तालिका नं ७: उनिहरुको जग्गा**

| आकार | संख्या | प्रतिशत |
|---|---|---|
| जग्गा नहुनेहरु | 7 | 17.5 |
| १रोपनी भन्दा कम हुनेहरु | 6 | 15.0 |
| १देखि३ रोपनी सम्म | 16 | 40.0 |
| ३देखि५रोपनी सम्म | 9 | 22.5 |
| ५भन्दा माथि | 2 | 5.0 |
| जम्मा | 40 | 100 |

*स्रोत : स्थलगत निरीक्षण, २०६५ ।*

यसैगरि माथिको तालिकामा बताईए अनुशार नमुना छनोट गरिएका उत्तर दाताहरुको जग्गामा माथिको स्वामित्वको बारेमा गरिएको सर्वेक्षण अनुशार सबैभन्दा बढि करिब आधा जसो भरियाहरुको जग्गा समान रुपमा १ देखि ३ रोपनी को बिचमा रहेछ त्यसपछि करिब एक चौथाई भरियाहरुको जग्गा ३ देखि ५ रोपनीको बिचमा भएको बताए । त्यसरी नै जग्गानै नहुनेहरु को स्थान पनि धेरै नै पाईयो उनिहरुको जग्गा नहुनुमा केहिको सुरुवातमै नभएको रहेछ भने केहि भने आफ्नो भागमा परेको जग्गा बेचेर खाई सकेको बताए त्यसरी नै ५ रोपनी भन्दा माथि जग्गा हुनेहरु एकदम कम रहेछन जुन उनिहरुको संगोलको जग्गा हो त्यसमा सबैलाई बाड्दा आफुलाई एक रोपनी पनि नपर्ने उनिहरुको भनाई छ । खासगरी भरियाहरुको परिवार वा भरियाहरु आफैमा जग्गा माथिको पहुच एकदमै कम रहेको र पहुच भए पनि

भिराला र कम उब्जनी हुने र जति परिश्रम गरेपनि दुई छाक टार्न नपुग्ने खालका जग्गामा पहुच भएको पाईयो ।

### ४.१.६ खाधान्न पर्याप्तताको स्थिति

गाँस, बास, कपास मानिसका आधारभूत आवश्यकता हुन यी ३ मध्ये पनि गाँस चाहि सबैभन्दा महत्वपुण आबश्यकतामा पर्दछ । कम आय श्रोत भएका मनिसहरुलाई खाद्यान्नमा आत्मनिर्भरता एउटै ठुलो समस्या हो । यदि एउटै परिवार खाद्यान्नमा आत्मनिर्भर छ भने यसका अरु सदस्यहरुको जिवनमा विभिन्न खालका अवसरहरुमा पहुच राख्ने क्षमता हुन सक्छ । त्यसैले खाद्यान्नमा आत्मनिर्भर छन, छैनन जान्न उत्तर दाताहरुको परिवारलाई अध्ययनको बस्तु बनाईयो ।

**तालिका नं ८: खान पुग्ने महिना**

| अबधि | संख्या | प्रतिशत |
|---|---|---|
| १महिना भन्दा कम | 4 | 12.1 |
| १देखि ३ महिना सम्म | 9 | 27.3 |
| ३देखि ६ महिना सम्म | 14 | 42.4 |
| ६देखि ९ महिना सम्म | 4 | 12.1 |
| ९महिना देखि १ बर्ष सम्म | 2 | 6.1 |
| जम्मा | 33* | 100 |

*स्रोत : स्थलगत निरीक्षण, २०६५ ।*

नोट : *जग्गा हुनेको संख्या ३३
जग्गा नै नहुनेको संख्या ७

माथिको तालिका अनुसार नमुना छनोट गरिएका उत्तर दाताहरुमा सबैभन्दा बढि भरियाहरु ३ देखि ६ महिना सम्म खान पुग्ने भरियाहरुको संख्या बढि पाईयो जुन उनिहरुको १ बर्षमा आधा खान पुगेको बुझिन्छ । जसबाट हामि के थाहाँ पाउन सक्छौ भने भरियाहरुलाई प्रत्येक बर्ष आधा आफ्नो कमाईले अरुलाई पाल्नु पर्ने स्थिति रहन्छ । यसबाट हामि के थाहाँ पाउन सक्छौ भने भरियाहरु पुर्ण रुपमा खान पुग्नेको संख्या एकदम न्यून छ । यसका कारणहरुमा उनिहरुको जग्गा भए पनि उब्जनि कम हुनु एउटै कारण हो भने जग्गा कम हुनु अन्य कारणहरु रहेको बुझिन्छ ।

त्यसैगरी जग्गा नहुने भरियाहरु  कुल उत्तरदाताहरु मध्ये ७ जना रहेछन त्यो संख्या पनि आफुलाई हरबखत बाहैं महिना जीवन धान्न प्रयासरत हुनु पर्ने स्थिति हुन्छ । उनिहरुको जग्गानै नहुनुमा कुनै भरियाहरु शुरु देखिनै जग्गा नभएका रहेछन भने केहि आफ्नो थोरै भएको जग्गा बेचेर खाई सकेका भरियाहरु पाईए ।

## ४.१.७ परिवारको आम्दानी

परिवार कुनै पनि व्यक्तिको लागि मुख्य आश्रय स्थल हो । परिवारमा रक्त संम्बन्धको आधारमा आफ्ना सदस्यहरुको हेरचाह गर्ने दायित्व मुख्य व्यक्तिमा रहेको हुन्छ । खासगरि ठुलो परिवारमा परिवारका विभिन्न सदस्यहरुको आम्दानीबाट त्यसपरिवारले आफ्नो गुजारा गरेको पाईन्छ । जसले गर्दा कुनैपनी परिवारको अध्ययन गर्दा त्यस परिवारसँग संम्बन्धित धेरै कुराहरुको अध्ययन गर्न आवश्यक हुन्छ जस्तैः- आम्दानी, रहनसहन, शिक्षा यी कुराहरु अध्ययन गर्न आवश्यक पर्छ ।

मानिसको हरेका पक्षलाई आर्थिक अवस्थाले निर्धारीत गरेको हुन्छ । त्यसकारण यस अध्ययनमा उत्तरदाताको परिवारहरुको आम्दानीको श्रोतहरुलाई पनि अध्ययनमा समाबेशगरी अध्ययन गर्न आबश्यक ठानिएको थियो । जसलाई तलको तालिकामा देखाईएको छ ।

**तालिका नं ९: परिवारका आम्दानीका मुख्य श्रोतहरु**

| श्रोतहरु | संख्या (n=40) | प्रतिशत |
|---|---|---|
| भरिया काम | 40 | 100.0 |
| ज्याला मजदुरी | 37 | 92 .5 |
| खेतिपाति | 33 | 82.5 |
| होटल ब्यबसाय | 4 | 10.0 |
| गाडिमा परिचालक | 3 | 7 .5 |
| इण्डिया काम गर्ने | 2 | 5.0 |
| पियनको काम गर्ने | 2 | 5.0 |

*स्रोत : स्थलगत निरीक्षण, २०६५ ।*

खासगरि माथिको तालिकाले भरिया परिवारका सदस्यहरुको परिवार पुरै ज्याला मजदुरी पेशामै समावेश भएको देखियो । जसको कारण गाँउमा अन्य रोजगारीको अभाव, र उनिहरुसँग भएको शिक्षाको कमि नै यसको कारण हुन सक्छ । त्यसरी नै अन्य धेरै परिवारका सदस्यहरुको अन्य आम्दानिका श्रोतहरु खेतिपाति

रहेछ । जुन उनिहरुको सिजन अनुशार हुने भएको हुदाँ उनिहरु त्यसबाट फुर्सद भएपछि मात्र अरुको ज्याला मजदुरी गर्न जाने गरेको पाईयो ।

यसरी समग्रमा भरियाहरु आफै र परिवार विभिन्न क्षेत्रमै विभिन्न ज्याला मजदुरी संम्बन्धित पेशामा समाहित भएका भेटिए । यसबाट के बुझिन्छ भने भरियाहरुको परिवारीक आम्दानी पनि विभिन्न खाले मजदुरीबाट आउने रहेछ जसबाट नै उनिहरु आफ्नो जिवन धानिरहेका छन । यसरी थोरै मात्र भरियाका परिवारहरु महिना वारी पैसा आउने ठाउँमा काम गर्ने भटिए ।

## ४.१.८ पहिलेको काम

कुनै पनि मानिसले सधै एउटै ठाउँमा मात्रै काम गरेको विरलै पाईन्छ । त्यसैले यस अध्ययनमा छनोट गरिएका उत्तरदाताहरु पनि कामको लागी बसाई-सराई गरि आउनु भन्दा अगाडि आफ्नो जन्मथलोमा के गरेर दिन बिताई रहेका थिए भन्ने थाहाँ पाउन यस तालिका प्रयोग गरिएको छ ।

**तालिका नं १०: पहिलेको कामको अवस्था**

| काम | संख्या(n=40) | प्रतिशत |
|---|---|---|
| गाँउमा ज्यालादारी | 22 | 55.0 |
| आरनको काम | 4 | 10.0 |
| सिमेन्टको काम | 4 | 10.0 |
| बिदेश (इण्डिया गएको) | 7 | 17 .5 |
| गाडिमा परिचालक | 2 | 5.0 |
| माछा मारेर वेच्ने | 3 | 7 .5 |
| उधोगमा काम गर्ने | 2 | 5.0 |
| घरमा चौकिदारी गर्ने | 1 | 2 .5 |
| प्लाष्टिक टिप्ने | 2 | 5.0 |

*स्रोत: स्थलगत निरिक्षण, २०६५ ।*

जसअनुशार ज्यालादारी गर्नेको प्रतिशत सबैभन्दा बढि पाईयो भने, बिदेश (इण्डिया) जाने गरेकाहरु पनि रहेछन त्यसैगरी आरनको, सिमेन्टको काम गर्नेहरु कुल प्रतिशतको १० भेटिए बाकि अन्य आफ्नो जिविको पार्जनका अनेक पेशामा संम्लग्न रहेछन । अध्ययनमा समाबेश भएका उत्तरदाताहरु पहिले को काम छोडिसकेका छन या गर्दै छन भन्ने कुरा पनि अध्ययनको महत्वपुर्ण भाग भएको हुदाँ यस बारे जान्न खोज्दा पहिलेको काम छाडेको कुल प्रतिशतको ६७.५ रहेछन भने गाउँमा जादा गर्नेहरु २० प्रतिशत पाईए र दुबै  काम गर्ने १२.५ प्रतिशत रहेछन ।

यसरी नै अध्ययनमा समाबेश भएको उत्तरदाताहरुको पहिलेको स्थानमा कामको सजिलो र अप्ठारोको अवस्था र उनीहरु अस्थाई बसाई-सराई गरि आएको ठाउँमा कामको सरलता र विषमतालाई पनि अध्ययनको केन्द्रमा राखी अध्ययनको विषयबस्तु बनाई अध्ययन गरिएको थियो, जसअनुशार पहिलेको स्थानमा सजिलो भन्नेहरुको संख्या बढि देखियो तरपनि पहिलेको स्थानमा काम नियमित नपाउदाँ उनिहरु नयाँ स्थानमा काम नियमित पाउने आशामा आएको पाइयो भने, अहिलेको स्थानमा सजिलो मान्नेहरु पनि कुल ४० जना उत्तरदाता मध्ये ९ जना भेटिए भने अरु उत्तरदात्ताहरुको प्रतिक्रिया समान पाईयो । यसबाट के बुझ्न सकिन्छ भने भरियाहरु गाउँमा बस्दा पनि मजदुरी नै गर्दा रहेछन तर गाँउमा नियमित पैसा नआउने धेरै समय खालि बस्नु पर्ने हुँदा उनीहरु शहरमा नियमित काम पाउने आशामा झरेकाले काम धेरै गरेर भएपनि पैसा धेरै कमाउन लालाईत भएको पाईयो ।

हरेक मानिसहरुले जिविकोपार्जनको लागि एउटै न एउटै पेशा रोज्नु पर्ने कटू यर्थाथता छ । त्यसैले पनि यस अध्ययनमा समाबेश भएका उत्तर दाताहरुले किन भरिया पेशा नै अपनाउन पुगे भन्ने जान्नको लागि प्रश्नको सुचि समाबेश गरिएको थियो जसमा उनिहरुलाई भरिया पेशा नै रोज्नुको कारण बारे जान्न खोज्दा धेरैको समान प्रतिक्रिया रहयो जसमा आफुसँग अन्य काम गर्न सिप नभएको र भए पनि काम नपाएको अवस्थाले गर्दा उनिहरु सजिलै पाईने भरिया पेशा अपनाउन पुगेका रहेछन । धेरै भरियाहरुको भनाई आफु पढन नपाएकोमा दुःखी रहेको र त्यसैको फल आफुले भोग्नु परेको बताए भने केहि थोरै गाँउबाट साथिसँग शहर पसेको र उनिहरुको संङ्गतले गर्दा भरिया पेशा अपनाएका रहेछन ।

## ४.२ भरिया पेशा

### ४.२.१ भरिया पेशामा लागेको अबधि

हरेक व्यक्ति आफ्नो जिवनको हरेक पलमा कुनै न कुनै काममा लागेको पाईन्छ । त्यसैले नै काम एउटै कुनै पनि समाजको लागि महत्वपूर्ण पक्ष हो । हरेक समाजका व्यक्तिहरु आफ्नो दैनिक गुजारा अथवा आधारभुत आवश्यकता परिपूर्ति गर्न कुनै न कुनै काममा समाहित भएका हुन्छन । वास्तबमै कामलाई ठूलो र सानोको रुपमा औपचारिक रुपमा नलिएपनि आम्दानिको हिसाबले कुनै पनि राम्रो आय गर्ने व्यक्ति आफ्नो दैनिक आवश्यकता पुरा गर्न बढि सक्षम हुन्छन भने जसको दैनिक आयश्रोत कम हुन्छ त्यो व्यक्ति निश्चय नै आफुलाई प्रत्येक पलमा आफु र आफ्नो परिवारको लागि दुई छाक टार्न प्रयासरत भएको हुन्छ । त्यसैले नै यस अध्ययनमा कामलाई पनि अध्ययनको मुख्य विषयबस्तु बनाईएको छ । भरिया पेशा आफैमा दुःखको पेशा हो । जुन पेशा कुनै पनि व्यक्ति आफ्नो बाध्यताले अपनाएको पाईयो । यसरी यस अध्ययनको क्रममा भरियाहरु आफ्नो भरिया पेशामा कति समय देखि कार्यरत रहेछन त भन्ने जान्नको लागि यो टेबल लाइ प्रयोग गरिएको छ ।

**तालिका नं ११: भरिया पेशामा लागेको अबधि**

| अबधि | संख्या | प्रतिशत |
|---|---|---|
| १बर्ष भन्दा कम | 2 | 5.0 |
| १देखी२बर्ष | 4 | 10.0 |
| २देखी३बर्ष | 7 | 17 .5 |
| ३देखी४बर्ष | 9 | 22 .5 |
| ४देखी५बर्ष | 8 | 20.0 |
| ५भन्दा माथि | 10 | 25.0 |
| जम्मा | 40 | 100 |

*स्रोत: स्थलगत निरिक्षण, २०६५ ।*

यसरी माथिको तालिका अनुशार अध्ययनमा समाबेश भएका भरियाहरु मध्ये कुल संख्याको एक चौथाई ५ बर्ष भन्दा बढि समय देखि यो पेशामा कार्यरत रहेछन । जसको कारण अन्य कुनै पेशामा पँहुच नहुनु नै हो । यसरी भर्खरै यो पेशामा प्रबेश

गरेका व्यक्तिहरु एकदम कम मात्रामा रहेछन र अन्य भरियाहरु १ देखि ५ बर्षको समयाबधि भित्र आफु यस पेशामा समाहित रहेको बताए । यसरी भरियाहरुको कामको क्रममा उनिहरु कसरी आफ्नो दैनिक काम पाउछन वा उनिहरुको दैनिक काम पाउने आधार के हो भन्ने कुरा पनि समाबेश गरिएको थियो जसअनुशार उनिहरुको काम पाउने मुख्य आधार भनेको आफुले बाटो कुरेर काम खोज्ने र ब्यापारीहरुले बोलाएर काम लगाउने नै उनिहरुको मुख्य काम पाउने आधार रहेछ । यसरी उनिहरुको काममा निश्चितता नहुने, कहिले काम को लागी खोजि हिडदा दिन भरि पनि नपाउने हुदो रहेछ भने कहिले खालि जो नहुने गरि काम आउने गरेको उनिहरुको भनाई छ ।

### ४.२.२ काम गराउने आधार

काम गराउने आधार भनेको भरियाहरु काम गर्दा कुन आधारमा गर्छन वा उनिहरुलाई कुन आधारमा काम गराइन्छ सो थाहाँ पाउन यस काम गराउने आधारलाई समाबेश गरीएको हो ।

**तालिका नं १२: काम गराउने आधारहरु**

| आधारहरु | संख्या | प्रतिशत |
|---|---|---|
| सामान र लाने ठाँउ अडकल गरेर कुराकानिबाट | 16 | 40.0 |
| पसलेको चलिआएको रेटमा गर्ने | 8 | 20.0 |
| काम पाए गरीहाल्ने | 13 | 32 .5 |
| उत्तर छैन (थाहाँ छैन) | 3 | 7 .5 |
| जम्मा | 40 | 100 |

*स्रोतः स्थलगत निरिक्षण, २०६५ ।*

कुल उत्तरदाता मध्ये ४० प्रतिशत आपसी समझदारी बाट काम गर्नेहरु रहेछन त्यस्तै काम पाए गरिहाल्नेहरु ३२.५ प्रतिशत साथै ब्यापारीले आफ्नो इच्छा अनुशार दिने त्यसबारेमा भरियाहरुले कुनै प्रतिक्रिया नदिनेहरु २० प्रतिशत पाईए भने उत्तर नदिनेहरु ७.५ प्रतिशत रहे । यसबाट के थाहाँ पाउन सकिन्छ भने धेरै जसो भरियाहरुको सामान हेरेर र सामान कत्तिको गह्रौं छ सो हेररे आफुले अलिबढि मुल्य गर्ने गरेको र यदि काम गराउनेले थोरै घटाउदा दुबै पक्षको कुरा मिल्न पुगि काम हुने गरेको बताए । उनिहरुको काम गर्ने निश्चित ठाँउ वा भारि बोक्ने निश्चित ठाउँ भए नभएको बारेमा जान्न खोज्दा  केही बढिले नभएको बताएका छन भने

केहिले भएको बताएका छन हुनेहरुमा कुनै निश्चित ब्यापारी (शाहु) को काम गर्नेहरु रहेछन भने नहुनेहरु सड्कमा बस्ने र कसैले बोलाएपछि काममा जानेहरु छन ।

## ४.२.३ काम गर्ने दुरी

यसरी भरियाहरुको काम गर्न कति टाढा सम्म जान्छन त भन्ने थाहाँ पाउन यस बिषयलाई समाबेश गरिएको थियो । जसमा पैसा पाए जहाँ पनि जानेहरु अधिक मात्रामा पाईए जुन भरियाहरु शारीरिक रुपमा बलिया र कम उमेरकाहरु पैसा भए जहाँ पनि जान तयार हुदाँ रहेछन भने उमेर पुगेका भरियाहरु आफुले नजिकमात्र काम गर्ने गरेको बताए जसको कारण शारिरीक अशक्तता नै हो भन्ने उनिहरुको बुझाई छ ।

यसरी नै भरियाहरुको काममा आउने समय र जाने समय को बारेमा पनि उनिहरुलाई सोधिएको थियो जसमा धेरै जसोको पाँच देखि सात बजेको बिचमा उठने र सिधै काममा जाने गरेको बताए भने अन्य भरियाहरुको समय निश्चित भएको पाईऐन । उनिहरुमा कसैले उठ्दा बित्तिकै जाने गर्दा रहेछन भने निश्चित नहुने, खै (उत्तर छैन) भन्नेहरु पनि पाईए । जसबाट के बुझियो भने भरियाहरुको काममा जाने समय निश्चित छैन किनकि काम नगरे पछि उनिहरुलाई गालि गर्ने कोहि छैन भन्ने केहिको भनाई छ ।

यसरी नै उनिहरुको जाने समयलाई पनि यहाँ देखाउन खोजिएको छ । उनिहरु प्रायः ५ देखी ६ बजेको बिचमा जाने गरेको र पसलहरु बन्द गरेपछि धेरै काम नपाईने हुदाँ र प्रायः भरियाहरु साझमा रक्सी खाने गरेको र उनिहरुको रक्सि खाने ठाँउ बन्द हुने हुदाँ साझमा काममा भन्दा भट्टिमा भेटिएको थियो । भरियाहरु दैनिक काम गर्ने अबधि बारे सोधिएको प्रश्नमा प्रायः भरियाहरु काम पाईए जति गर्दा रहेछन भने केहि निश्चत नहुनेहरु पनि पाईए । यस्तो हुनुको मुख्य कारणमा उनिहरु धेरै समय काम नपाएर खालि बस्ने गरेको काम पाएपछि जति बेला पनि गर्नु पर्ने बाध्यात्मक स्थिति रहेको हुदाँ समयको निश्चित अबधि नभएको पाईयो ।

## ४.२.४ भरिया पेशामा पैसाको निर्णय

भरियाहरुको भरिया पेशामा पैसाको निर्णय गर्ने अधिकार छ, छैन भन्ने जान्न खोज्दा भरियाहरु आफैले नै यो पेशामा पैसाको निर्णय गर्ने भरियाहरु कुल प्रतिशतको ३५ प्रतिशत पाईए भने निश्चित नहुनेहरु २२.५ प्रतिशत साथै दुबैको सहमतिमा गर्ने

२० प्रतिशत रहेछन भने, ब्यापारीको काममा ब्यापारीले गर्ने र आफुले खोजेको काममा आफै गर्ने कुल प्रतिशतको १५ प्रतिशत रहेछन भने, ब्यापारीको पशलमै बसेर काम गर्ने भरियाहरु ब्यापारीले दिएको मुल्यमा काम गर्दा रहेछन र उनिहरु कम पैसा भएपनि त्यसैमा चित्त बुझाउने गर्दा रहेछन किनभने प्रतिकार गर्दा फेरि ब्यापारीले काम नदिनेरहेछन ।

## ४.२.५ पारिश्रमिक तोकिने आधार

सहमति एउटै यस्तो उर्जा हो जसबाट व्यक्तिलाई काम गर्न जागर चल्दछ । सहमति बिनाको काम सधै अपुरो र अधुरो हुन्छ । त्यसलै जुनसुकै काम चाहे त्यो सानो होस वा ठुलो लगाउने र काम गर्ने बिच सहमति भएर काम गर्नु उपयुक्त हुन्छ । सहमित भन्ने कुरा दुई वा दुई भन्दा बढी व्यक्तिहरु बिचको बैचारीक र कार्यान्वयनको एउटै आधार हो जुन उक्त काम समाप्त नभएसम्म र भईसकेपछि पनि आपसी सहमतिमा ब्यवस्थित गरिन्छ । यसरी सहमति अनुसार काम गर्दा गर्ने र गराउने दुवै पक्ष उत्तिकै उत्तरदायी र ब्यवहारिक हुनुपनि त्यत्तिकै जरुरी हुन्छ । जस अर्न्तगत काममा लगाउने व्यक्तिले पनि सहमती अनुसार पारिश्रमिकको ब्यवस्था सहमती अनुसार गर्नुपर्ने र काम गर्ने व्यक्ति वा पक्षले पनि उक्त सहमती अनुसार नै आफ्नो दायित्व पुरा गर्नुपर्ने हुन्छ । त्यसैले यस अध्ययनमा पनि भरियाहरुको कामगर्ने शिलशिलामा हुने सहमतिको आधारलाई पनि समाबेश गरी तलको तालिकामा देखाईएको छ ।

**तालिका नं १३: पारिश्रमिक तोकिने आधारहरु**

| पारिश्रमिक तोकिने आधार | संख्या | प्रतिशत |
|---|---|---|
| सामान र लाने ठाउँ अड्कल गरेर कुराकानिबाट | 16 | 40.0 |
| निश्चित नहुने | 10 | 25.0 |
| चलनचल्ति अनुसार | 8 | 20.0 |
| मानिस हेरेर | 2 | 5.0 |
| काम पाए गरिहाल्ने | 4 | 10.0 |
| जम्मा | 40 | 100 |

*स्रोतः स्थलगत निरिक्षण, २०६५ ।*

उनिहरुको सहमतिको आधार के हुन्छ भन्ने बारे जान्दा धेरै जसो भरियाहरु आफुले बोक्ने सामान र लाने ठाउँ अड्कल गरेर कुराकानीबाट काम गर्ने पाईए भने काममा निश्चित नहुनेहरु पनि कुल प्रतिशतको २५ प्रतिशत रहेछन । त्यसबाट के थाहाँ पाउन सकिन्छ भने प्रायः भरियाहरु आफ्नो घर गृहस्थि चलाउन जस्तो सुकै काम पनि गर्दा रहेछन जुन कामले आफुलाई दुई छाक टार्न सहयोग पुगोस । कामको लागि हुने झगडाको बारेमा भरियाहरुको राय बुझ्दा खासगरी काम खोस्ने क्रम जस्ता कारणले गर्दा हुने गरेको पाईयो । काम गर्दा झगडा हुदैन भन्नेमा केही देखिएतापनि समग्रतामा काममा अर्काको डाह रिस राग भने यत्रतत्र पाईयो ।

भरियाहरुलाई काम गर्ने सीलसिलामा काम गराउनेले गर्ने व्यवहार बारे बुझ्न खोज्दा  कुल सँख्याको ८० प्रतिशतले राम्रै गर्ने गरेको बताए भने ८ प्रतिशतले काम गराउनेले आफुलाई हेप्न खोज्ने गरेको बताए र आफु लाई कस्तो व्यवहार गर्छन भन्ने थाहाँ सम्म नपाउनेहरु पनि पाईए जुन १२.५ प्रतिशत रहेछन ।  यसैगरी उनिहरुलाई काम लगाउनेलाई गर्ने व्यवहार बारे उनिहरु मध्ये धेरै जसोले काम लगाउनेले गर्ने व्यवहार अनुसार आफुलाई राम्रो गरे राम्रो गर्ने आफुलाई नराम्रो गरे नराम्रै गर्ने बताए । यसरी भरियाहरुलाई कामको सिलसिलामा झगडा हुन्छ, हुदैन भनि सोधिएको थियो । जसमा धेरै जसो भरियाहरुले झगडा हुदैन भन्ने पाईए । केहि भरियाहरुले  भने संगौलि कामबाट पाउने पारिश्रमीकलाई बिभाजन गर्दा पनि झगडा हुने गरेको बताए ।

## ४.२.६ भरिया पेशाबाट हुने कमाई

आम्दानी भन्ने कुरा कुनैपनि व्यक्तिले आफ्नो परिश्रम खर्चे बाफत पाउनुपर्ने रकम वा सुविधा भन्ने कुरा बुझिन्छ । पारिश्रमिक उक्त व्यक्तिको परिश्रम र अनुभव अनुसार तय हुने गर्दछ । जब हामी भरियाको कुरा गर्दछौं, उनीहरुको परिश्रम मानिसिक रुपमा भन्दापनि शारिरिक रुपमा तय गर्ने गरिन्छ । यसको मतलब यो हो की, परिश्रममा शारिरीक संलग्नता र त्यसमा खर्चेको समयमा भर पर्दछ । यसरी पारिश्रमिक तय गर्दा अहिलेको बजारको अवस्था र महंगीलाई पनी उत्तिकै बिचार पु-याई तय गर्नु जरुरी हुन्छ । यति हुदाँहुदै पनि भरियाहरुको दैनिक आम्दानी कति छ र उनिहरुको सो आम्दानीबाट परिवार र आफुलाई खान पुग नपुगको अवस्था  समाबेश गरी अध्ययन गरीएको छ जसलाई तलको तालिकामा देखाईएको छ ।

**तालिका नं १४: भरिया पेशाबाट दैनिक हुने कमाई**

| दैनिक आम्दानि रु | संख्या | प्रतिशत |
|---|---|---|
| ५० देखी २०० | 19 | 47 .5 |
| ५० देखी ३०० | 10 | 25.0 |
| ५० देखी ४०० | 5 | 12 .5 |
| ५० देखी ५०० | 4 | 10.0 |
| ५० देखी ७०० | 2 | 5.0 |
| जम्मा | 40 | 100 |

*स्रोत: स्थलगत निरिक्षण, २०६५ ।*

भारी बोक्ने कार्यलाई यस्तो कामको रुपमा लिईन्छ जुन सिधा शारीरिक परिश्रमसँग संम्बन्धित हुन्छ । जो शारिरीक रुपमा बलियो छ, उ पुग्नु पर्ने ठाँउमा छिट्टै नै पुगेर फर्कन पनि सक्दछ भने जुन शारिरीक रुपमा कमजोर र जिर्ण छ र उमेर पनि ढल्कि सकेका छन उनिहरु पुग्नु पर्ने ठाँउमा ढिला पुग्ने र फर्कन पनि ढिला नै हुन्छ । त्यसकारण स्वत: यो प्रष्ट हुन्छ कि जो शारिरीक रुपमा स्वस्थ एवं तन्दुरुस्त छ उसकै नै दैनिक आम्दानी बढि देखियो । खासगरी भरियाहरु दुरीको आधारमा एक पल्ट एक खेप गरेको रु २० देखि रु ५० सम्म लिने गरेको र उनीहरुको खासगरी खाधान्न, फर्निचर, प्लाइउडहरु, सिमेन्ट, लगायतका सामानहरु बोक्ने गरको पाईयो । यसरी भरीयाहरुको दैनिक आम्दानी निश्चित देखिएन । खासगरी उनिहरु एक दिनमा रु ५० देखि रु ७०० सम्म कमाउने रहेछन । जसले गर्दा औषत रुपमा अध्ययनमा छनौट भएका आधा जसो भरीयाहरु दिनमा २०० सम्म कमाउने गरेका, तर दैनिक रुपमा सो कमाउन नसकिने पनि उनिहरुको तर्क छ ।

कुनै पनि व्यक्तिले काम गरे बाफत त्यसको ज्याला पाउनु उसको नैसर्गिक अधिकार हो  त्यसकारण नै उनिहरुलाई काम गराए बाफत पैसा नदिने समस्या छ कि छैन भनेर सोधिएको थियो जसमा धेरै जसोले नभएको बताए भने एक चौथाईले भने त्यस्तो हुने गरेको सुनाए प्राय: ब्यापारीहरुबाट पैसा थोरै दिने गरेको पाईयो । भरियाहरुको यस कमाईबाट खान पुग नपुगको अवस्था जान्न खोज्दा कुल ४० जना भरिया मध्ये १२ जनाले आफुलाई जनतन खान पुगेको बताए भने २८ जना भरियाले

यो पेशाले मात्र आफ्नो एक्लो जिन्दगी धान्न मात्र प्रयासरत भएको, घरपरिवार प्रति चिन्तित रहेको पाईयो ।

त्यसैगरी उनिहरुलाई बचत गरेको वा नगरेको बारेको मुल्याङ्कनमा उनिहरु मध्ये अधिकांश बिहान र बेलुका छाक टार्नका लागि मात्र काममा जाने र यदि केही मात्रामा बचत भएको खण्डमा कामै नगरी घुम्ने, धुम्रपान र मद्दपान गर्ने देखिएको छ । यसर्थ पनी उनीहरुमा बचत र त्यसको भविष्यको उपयोगिताको बारेमा त्यति चेतना भएको पाईदैन । केहिले भने सानो संख्यामा मात्र बचत गर्ने र उक्त रकम घरमा आफ्नो परिवारको लागी पठाउने गरेको पाईयो ।

## ४.२.७ स्वास्थ्य संम्बन्धि समस्या

हरेक काममा दुखः त हुन्छ नै बौद्धिक व्यक्तिहरु दिमागी दुखाई सँग लडेका हुन्छन भने श्रमशिल व्यक्तिहरु आफ्नो परिश्रमिक दुखाई बाट ग्रसित हुन्छन । अझ त्यसमा पनि भरिया पेशा त प्रत्यक्ष रुपमा बढि शारिरीक परिश्रम सँग सम्लग्न हुने पेशा भएको हुदाँ यस अध्ययनमा भरिया मजदुरी गर्दा आउने समस्याहरु र उक्त कामको असरबाट आउने विभिन्न प्रकारका शारिरीक मानसिक रोगहरु र यस्तै अन्य बिबिध पक्षहरुलाई भरियाहरुको प्रत्यक्ष संलग्नतामा अध्ययन गर्न खोजीएको छ । अध्ययनमा संलग्न हरेक भरियाहरु अरु पेशाको तुलनामा भरिया मजदुरी दुखःको पेशा हो भन्ने कुरामा सबैको एक मत देखिएको छ । प्रायः सबै भरियाहरु उक्त पेशाको कारण विभिन्न रोगबाट ग्रसित रहेछन । तर पनि दुई छाक टार्न बिरामी हुदाँ हुदै पनि यो काम गर्न बाध्य छन किनकी उनिहरुसँग काम नगरी आफ्नो परिवारको पेट पाल्न सक्ने सार्मथ्य छैन ।

**तालिका नं १५: स्वास्थ्य संम्बन्धि समस्याहरु**

| प्रकार (बिरामीको) | संख्या(n=40) | प्रतिशत |
|---|---|---|
| रुधाँ, खोकि, ज्वरो | 29 | 72 .5 |
| ढाड, कम्मर दुख्ने | 3 | 7 .5 |
| छाति दुख्ने, स्यायी-स्यायी हुने | 4 | 10.0 |
| पेट दुख्ने, पखाला लाग्ने | 3 | 7 .5 |
| खुट्टा, टाउको दुख्ने | 6 | 15.0 |
| रिगाटा लाग्ने | 5 | 12 .5 |
| नपच्ने, पेट ढुस्स हुने | 2 | 5.0 |

*स्रोत: स्थलगत निरिक्षण, २०६५ ।*

माथिको तालिका अनुसार भरियाहरुलाई खास गरी रुघा, खोकि, ज्वरो जस्ता समस्याले सताउनाको साथै ढाड, कम्मर दुख्ने छाति दुख्ने, दम हुने, पेट दुख्ने, पखाला लाग्ने, टाउको खुट्टा दुख्ने, तथा कतिपयलाई नपच्ने त्यस्तै गरी रिगटा लाग्ने गरेको पनि पाइयो । जुन समस्या आउनुको कारण उनिहरुको सर-सफाईको कमि नै हो । उनिहरुको खान पिनको अनिमियता र त्यसमा पनि चिसो र झिगा भन्नेको खानेकुरा खानेहुदाँ उनिहरु लाई प्रायः यस्ता किसिमका समस्याहरु भईरहेको पाईयो ।

जुन भरियाहरुको स्वास्थ्य राम्रो छ नियमित रुपमा खाना खान्छन उनिहरु अन्य भरियाहरु भन्दा कम बिरामी हुने गरेको रहेछन । यसकारण हामि के भन्न सक्छौ भने उनिहरुलाई दिनको घाम र पानीको वास्ता नगरी लगातार काम गरिरहनु पर्ने हुदाँ पनि भरियाहरु दैनिक रुपमा केहि न केहि सानो भएपनि बिरामी हुने तर उनिहरु लगातार काममा आईरहेको पाईयो अनि उनिहरु उठनै नसक्ने गरी बिरामी नहुदाँसम्म अस्पताल जाने गरेको पाईऐन ।

## ४.२.८ खालि हुदाँको अनुभव

भरियाहरुको काम सधै निरन्तर रुपमा भईरहने काम होईन उनिहरु प्रायः सडकका पेटिहरुमा देखिन्छन । हामि सबैले देख्ने गरेको तथ्य पनि यहि नै हो । त्यसैले उनिहरुलाई काम नगरेर खालि बस्दा उनिहरु के सोच्दछन त भन्ने पक्षलाई पनि अध्ययनमा समाबेश गरी उनिहरुलाई सोधिएको थियो ।

**तालिका नं १६: खालि हुदाँको अनुभव**

| प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| काम गर्दा भुलिन्छ नगर्दा घरको संम्झना आउछ | 17 | 42 .5 |
| काम गर्दा पैसा पाईन्छ नगर्दा रक्सि खान जान मन लाग्छ | 6 | 15.0 |
| काम गर्दा कामको ध्यान हुन्छ नगर्दा अनेक कुरा सोचिन्छ | 2 | 5.0 |
| दुबै उस्तै हो | 10 | 25.0 |
| के भनु | 3 | 7 .5 |
| थाहाँ छैन | 2 | 5.0 |
| जम्मा | 40 | 100 |

*स्रोत: स्थलगत निरिक्षण, २०६५ ।*

आधाजसो भरियाहरुलाई  काम गर्दाको अवस्थामा भन्दा नगर्दाको अवस्थामा घरको याद आउने गरको बताए जुन उनिहरु आफ्नो परिवार र समाज बाट टाढा भएको कारण हो भन्ने उनिहरुको बुझाई छ । खास गरी भरियाहरु रक्सि खाएर काम गर्ने हुदाँ उनिहरु खालि हुदाँ प्रायः भट्टि पशलमा पाईए जुन उनिहरु खालिहुनुकै परिणाम हो । यसरी अध्ययनको सम्रग संख्या मध्ये  एक चौथाई भरियाहरुलाई खालि बस्दा र काम गर्दा कस्तो अनुभब हुन्छ भन्ने पनि थाहाँ नपाउनेहरु पाईए । जुन उनिहरुमा  सोच्न सक्ने अवस्थामा आएको कमजोरीको कारण हुन सक्छ ।

## ४.२.९ पेशामा देखिएका चुनौतिहरु

विभिन्न पेशामा आ-आफ्नै चुनौतिहरु हुन्छन, चुनौति नै बास्तबमा प्रतिस्पर्धाको एक रुप हो भन्दा फरक पर्दैन । यसरी भरिया पेशामा संलग्न व्यक्तिहरुका पनि आफ्नै चुनौतिहरु हुन्छन खासगरी भरियाहरुका चुनौतिहरुमा कुनै पनि बाटो नपुगेको ठाँउमा बाटो पुग्नु उनिहरुको चुनौति हुन सक्छ त्यसरी नै कुनै खोला तरेर काम गरिरहेका भरियाहरुलाई पुल बन्नु पनि एउटै चुनौतिको भाग हुन सक्छ । विभिन्न क्षेत्रको काममा विभिन्न कुराहरुले असर पारेको हुन्छ । औधौगिक मजदुरहरुलाई आर्थिक मन्दिले असर गरे जस्तै, नाम्ले भरियाहरुलाई कुन पक्षको

चुनौति वा असर छ सो बारे उनिहरुलाई थाहाँ छ, छैन सो जान्न यस बिषयलाई पनि समाबेश गरिएको थियो ।

**तालिका नं १७: चुनौतिहरु**

| चुनौति | संख्या | प्रतिशत |
|---|---|---|
| छ | 21 | 52 .5 |
| छैन | 15 | 37 .5 |
| थाहाँ छैन | 3 | 7 .5 |
| उत्तर छैन | 1 | 2 .5 |
| जम्मा | 40 | 100 |

*स्रोत: स्थलगत निरिक्षण, २०६५ ।*

माथिको तालिकाको अध्ययनबाट यो कुरा थाहाँ हुन्छ कि आधाजसो भरियाहरु यातायातको साधनले उनको दैनिक दिनचर्याको साथै दैनिक मजदुरी काममा असर र चुनौति छ भने भन्नेमा सहमत छन तर यस्ता भरियाहरु पनि पाईए जसलाई असर परेको नपरेको थाहाँ रहेनछ । तर उनिहरुलाई काम अगाडिका दिनहरुमा जस्तो नपाईने गरेको बताए । कुनैलाई भने सधै एकै जस्तो लाग्छ । जसबाट के थाँहा पाउन सकिन्छ भने भरियाहरुको संख्या दिन प्रतिदिन घटदै रहेको र अन्य पेशा तर्फ लागेकोले बाकि भएकाहरुलाई उहि गतिमा काम पाईएको हुदाँ यातायातको साधनले खासै असर नपारेको बताउनुको कारण हुनसक्छ ।

## ४.३ सामाजिक संम्बन्ध

कुनै पनि समाजमा हरेक व्यक्ति आफु बस्ने समाजप्रति उत्तरदायित्वको बोध गरेको हुन्छ । हरेक व्यक्तिमा समाजका ति नियमहरु जुन समाज चलाउन आबश्यक छन तिनिहरुप्रति हरेक मानिस उत्तरदायित्व बोधका साथ बाधियका हुन्छन । सामाजिक संम्बन्ध नै एउटै यस्तो पक्ष हो जसले समाज चलाउनको लागि एक-एक पक्षबिच पुलको काम गरेको हुन्छ । जसबाट नै एउटै समृद राष्ट्रको कल्पना गर्न सकिन्छ ।

त्यसैले यहाँ भरियाहरुको सामाजिक संम्बन्धको बारेमा जान्न खोजीएको छ । जसमा हामि उनिहरुको परिवार संगको संम्बन्ध, नातागोता सँगको संम्बन्ध साथै

उनिहरुको कामदार साथिहरुसँगको संम्बन्ध र सहयोगको आदान-प्रदानको बारेमा बुझ्न खोजिएको छ ।

**तालिका नं १८: गाँउ फर्कने अन्तराल**

| अन्तराल | संख्या | प्रतिशत |
|---|---|---|
| १महिना भन्दा कम | 8 | 20.0 |
| १देखि३महिना सम्म | 7 | 17 .5 |
| ३देखि६महिना सम्म | 5 | 12 .5 |
| ६देखि९महिना सम्म | 1 | 2 .5 |
| ९देखि१बर्ष सम्म | 5 | 12 .5 |
| १देखि२बर्ष सम्म | 1 | 2 .5 |
| २बर्ष भन्दा माथि | 3 | 7 .5 |
| आए देखि घर नजाने | 10 | 25.0 |
| जम्मा | 40 | 100 |

*स्रोतः स्थलगत निरिक्षण, २०६५ ।*

यस माथिको तालिका अध्ययनबाट कामको खोजीमा अस्थाई बसाई-सराई गरी आएका भरियाहरु आए देखि घर नजानेहरु कुल संख्याको एक चौथाई रहेछन । जसको कारण घरमा आमा बाबु मरिसकेका र अन्य परिवारका सदस्यहरुले पनि त्यति खोजी र माया नगर्ने हुदाँ घर नगएको बताए भने कुनै चाहि गाँउ बाट अर्काकि स्वास्नी भगाएर आए देखि लाजले गाँउ नगएको रहेछन भने अन्य भरियाहरु समग्रमा १ महिना देखि १ बर्ष को अन्तरालमा आफु सँग केहि पैसा बचत भएमा घर जाने गर्दा रहेछन । समग्रमा श्रीमति र घर आमा, बाबु हुनेहरु चाडो चाडो घर जाने गरेको पाईयो ।

## ४.३.१ पारिवारीक संम्बन्ध

परिवार एउटै विश्वब्यापी सामाजिक संस्था हो । हरेक व्यक्ति कुनै न कुनै रुपमा परिवार सँग बाधिएको हुन्छ । परिवार, समाजबाट नै कुनै पनि व्यक्ति पुर्ण रुपमा सामाजिक बन्न मद्दत पुग्छ । पारिवारीक संम्बन्ध एउटै एस्तो पक्ष हो जसले व्यक्तिलाई निरन्तर सचेत बनाई अगाडि बढन मद्दत गर्दछ । त्यसैले यस अध्ययनमा भरियाहरुको परिवार सँगको संम्बन्धलाई पनि अध्ययन गर्न खोजीएको छ ।

उनिहरुले आफ्नो परिवार सँग बिताउने समय, उनिहरुले राख्ने  परिवार प्रतिको माया, स्नेह जस्ता कुराहरु समाबेश गरी उनिहरुबाट राय लिईएको थियो । जसमा धेरै भरियाहरुको राय समान पाईयो । जसमा उनिहरु धेरै जसो बाहिर जिल्लाबाट कामको खोजीमा आएको हुदाँ फुर्सदमा घर गएको बेला वा चाड्पर्वका अवसरमा भेट हुने भेट हुदाँ दुबै पक्ष बिच राम्रै रहेको दुखःसुखका बारेमा सोध्ने गरेको पाईयो जसले गर्दा यो बुझ्न सकिन्छ कि भरियाहरु जुन बिबाहित छन उनिहरुको संम्बन्ध राम्रै रहेको र प्रायः घर नजानेहरु वा आफ्नो परिवार लिएर यतै बसेकाहरु साझ र बिहानमा उनिहरु सँग समय बिताउने गरेको पाईयो जसमा उनिहरु सन्तुष्ट नै रहेको आफ्नो संम्बन्ध पनि राम्रै रहको बताए यसरी नै नातागोता र इष्ट्रमित्रहरु सँगको संम्बन्धका बारेमा पनि उनिहरुको राय बुझ्न खोज्दा उनिहरु आफु काम गरीरहेको बेला नातेदारहरु पनि नभेटिदिए हुन्थ्यो भन्ने सोच्दा रहेछन जसको कारण उनिहरुको आफ्नो कामलाई सानो सोच्नु नै हो ।

यसरी कामको समय बाहेक अरु बेला प्रायः चाड्पर्वमा सँगै बस्ने गरेको आफु र आफ्नो परिवार, समाजप्रति आफुले दायित्वबोध भएको बुझिएको छ । अध्ययनको क्रममा कुल ४० जना उत्तरदातामध्ये ६ जना आफ्नो कोहि नभएको बताउनेहरु भेटिए । जुन भरियाहरु समाज र परिवार, इष्ट्रमित्र प्रति कुनै दायित्व बोध नभएको पाईयो ।

## ४.३.२ सहकर्मि सँगको संम्बन्ध

यसरी उनिहरुको कामदार साथिहरुसँगको संम्बन्धको बारेमा राम्रो बताउनेहरु भरियाहरुको कुल संख्याको १६ पाईए  भने ठिकै हुनेहरु १४ जना रहेछन । भने अन्य संम्पर्कै हुदैन र उत्तर नदिनेहरु पाईए । यसबाट के बुझियो भने भरिया मजदुरहरुको साथिभाई वा सहकर्मि सँगको संम्बन्ध अरु बेला राम्रै हुने किनभने छुट्टा-छुट्टै काम हुदाँ त उनिहरुले आ-आफ्नो दुखःसुखको बारेमा सोधने गरेको बताए तर उनिहरुलाई कसैले सगोलको काम गर्दा बलिया र बुढा कमजोर भरियाहरु बिच पैसा बाड्फाडको बिषयलाई लिएर अलिअलि बिबाद हुने र कहिले काहि रक्सि खादाँ बिबाद भएर केहि केहिको संम्बन्ध बिग्रको पाईयो भने अन्य भरिया कामदारहरु एक आपसमा मिलेरै काम गर्ने गर्दा रहेछन ।

## ४.३.३ काम लगाउने सँगको संम्बन्ध

प्रायः भरियाहरुलाई धेरै काम दिने भनेका ब्यापारी वर्ग नै हुन उनिहरुसँग उनिहरुको संम्बन्ध एक, दुईजना भरिया बाहेक राम्रै संम्बन्ध राख्ने वा राख्न खोज्नेहरु पाईए जसको कारण ब्यापारिले काम  दिए चारै तिर धुम्न नपर्ने उनिहरुको गोदाम र उनिहरुको ग्राहकको मात्र काम गर्दा पुग्ने हुदाँ धेरै भरियाहरु बाहिर भन्दा ब्यापारिको कम मुल्यमा काम गरेपनि उनिहरुको संम्बन्ध रामै रहेको देखियो । बाहिरका मानिसहरु सँग काम गर्दाको संम्बन्ध कसै कसैले अलि हेप्न खोजेपनि अधिकाशले दाई, भाई भनेर सम्बोधन गर्ने र उनिहरुलाई पनि आफुले राम्रै गरे जस्तो लाग्ने भरियाहरुको भनाई छ ।

खासगरी भरियाहरु काम को समयमा भन्दा फुर्सद हुदाँ बढि रक्सि खाने र कुनै काम गर्न शुरु गरि बिचमै काम गर्न  नसकेको कारणबाट धेरै मानिसहरुबाट उनिहरुले गालि पाउने गरेको देखियो । जसबाट उनिहरुको काम प्रतिको लापरबाहिको कारण पनि उनिहरु मध्ये केहि भरियाहरु लाई ग्राहकहरुले काम नदिने गर्दा उनिहरु प्रायः जसो फाल्टु रहने गरेको देखिएको थियो ।

## ४.३.४  सहयोग

प्रत्येक असन्तोषहरुको कारण अभाव र अपर्याप्तता नै हो । जब मानव समाज सामाजिक, सांस्कृतिक र आर्थिक रुपले सम्पन्न ठान्दछ भने समाजमा शान्ति सहयोग र अमनचयन कायम भएको हुन्छ । सबैको सबैसँग बिश्वास स्थापित भएको हुन्छ एक अर्का प्रतिको शंका र संकिणताहरु हटेर गएका हुन्छन । मानिसको शारिरीक र मानसिक विकास राम्रो सँग भएको हुन्छ तर यसको बिपरीत कमजोर आर्थिक अवस्था आर्थिक असमान सामाजिक ब्यबस्था तथा अभाव र पछौटेपनहरु समाजमा विकास भएका छन भने सामाजिक सन्तुलन बिग्रन्छ र यसैबाट द्वन्द्ध झगडा र आपसमा संकाको स्थिति उब्जन पुग्छ तर यसको बाबजुत समाजमा सहयोगी संम्बन्धले समाज एउटै स्वच्छ र मेलमिलाप बाट चल्दछ यसकारण भरिया मजदुरहरुको यो सहयोगी भावना बुझ्नको लागि उनिहरुको सहयोगलाई पनि अध्ययनमा समाबेश गरीएको छ । जुन तलको तालिकामा देखाईएको छ ।

**तालिका नं १९: सहयोगको आदान-प्रदान**

| सहयोगको प्रकार | संख्या (n=40) | प्रतिशत |
|---|---|---|
| पैसा सापटी दिएर (ब्यापारीले) | 2 | 5.0 |
| साथिभाईले पैसा सापटि दिएर | 18 | 45.0 |
| रक्सि बढि खादा कोठामा लगेर | 5 | 12 .5 |
| बिरामी हुँदा हस्पिटल लगेर, कुरेर | 10 | 25.0 |
| बिरामी हुँदा खाना पकाई दिएर | 4 | 10.0 |
| गर्दैनन् | 4 | 10.0 |
| काम खोजिदिएर | 6 | 15.0 |

*स्रोतः स्थलगत निरिक्षण, २०६५ ।*

सहयोग एउटै यस्तो रुप हो जुन गरिब देखि धनि सम्म सबैलाई चाहिन्छ । जुन गरिवले आफ्नो क्षमता अनुशार सहयोग लिन्छ भने धनिले आफ्नो । यस अध्ययनमा पनि त्यहि कुरालाई इङ्गित गर्दछ । धेरै जसो भरियाहरु साथिभाई सँग थोरै-थोरै पैसा सापटि लिएर आफ्नो अप्ठ्यारो लाई केहि हदसम्म गुजारदो रहेछन । त्यस्तै गरी बिरामी परेको बेला अस्पताल लगेर सहयोग गरेको पाईयो । आफ्नो दैनिक काम छोड्र भए पनि साथिलाई अस्पतालमा कुर्न जाने गरेको बताए ।

आफुलाई काम लगाउने ब्यापारीले सहयोग गरेको बताउनेहरु एकदम न्यून पाईयो । अरु केहिले आफुलाई बढि भएको काममा साथिलाई बोलाएर काम गराउने र पैसा मिलेर लिने गरेको पाईयो । यसरी नै प्रायः भरियाहरुको सहयोग आदान-प्रदानको रुप एउटै नै रहेछ । आफुले जस्तो सहयोग गरयो साथिहरुले पनि त्यहि किसिमको सहयोग गर्ने गरेको बताए भने ब्यापारी बर्गको सहयोग भने काम गराउने भन्दा अरु नभएको बताए ।

## ४.३.५ भरियाहरुको संघ-संगठनमा सहभागिता

कीर्तिपुरका सम्रग भरियाहरुलाई भरियासँग संम्बन्धित संघ संगठनको बारेमा त्यति धेरै थाहाँ नभएको र भएपनि न्यून संख्यामा केहि भरियाहरुले बाहिर छ रे भन्ने सुनेको बताए । उनिहरु मध्ये १ जना पनि कुनै संघ-संगठनको सदस्य नभएको पाईयो । कुनै पनि आधिकारीक निकायले उनिहरुलाई सदस्यता लिनको लागि भन्न

सम्म नआएको देखियो । उनिहरुलाई कुनै संघ-संगठनको सदस्य भएर हुने फाईदाको समेत कुनै जानकारी रहेनछ ।

यसरी नै बन्द हड्तालमा उनिहरुको सहभागिता बारेमा बुझ्न खोज्दा उनिहरु मध्ये १ चौथाईले कहिले काहि जाने गरेको बताए भने अरु सबैले आफु नहीडने गरेको र नहिडनुको कारण उनिहरुलाई केहि भएमा कसैले केहि नगर्ने आफु र आफ्नो परिवारले दुःख पाउने डर नै यसको कारण बुझियो ।

भरियाहरुलाई कस्तो कस्तो अवस्था सिर्जना गरे उनिहरुलाई सजिलो हुन सक्छ भन्ने कुरा जान्न खोजीएको थियो जसमा पैसा धेरै भए हुन्थ्यो भन्ने अधिकांश पाइनुको साथै काम गर्ने निश्चित ठाँउ भएमा काममा सरलता हुने बिचार प्रष्टाए । दोधारको अवस्थामा पनि भरियामजदुरहरु रहेको पाईयो । यसरी अन्य पेशा पाए भरिया पेशा छोडने वा नछोडने भनेर पनि सोधिएको थियो जसमा अन्य पेशा पाए छोडने कुल ४० मध्ये २९ जना पाईए भने छोडदिन भन्नेहरु ७ जना र दोधारको अवस्था भएकाहरु ४ जना पाईए । धेरै भरियाहरु यो पेशाबाट असन्तुष्ट भेटिए ।

# अध्याय पाँच

# सारांश, निष्कर्ष र सुझावहरु

## ५.१ सारांश

सामानहरु एक ठाउँबाट अर्को ठाउँमा लैजाने काम दुई किसिमबाट गर्न सकिन्छ । (१) यन्त्र जडित साधनहरुबाट जस्तैः मोटर, ट्याक्टर, टेम्पो, ट्रक आदि (२) शारीरिक परिश्रमबाट चल्ने गरेका साधन रिक्सा ठेलागाडा । तर हाम्रो समाजमा यस्तो अर्को साधन छ जसले आफ्नो नाम्लोको सहायताले शारीरिक परिश्रमको भरमा गह्रौंभन्दा गह्रौं भारी ओसार-पसार गर्दछ, उसलाई हामी **"भरिया"** को नामले चिन्दछौं ।

हाम्रो देशको भौगोलिक कारण तथा भौतिक साधनहरुको अभावमा यातायातको विकास राम्ररी हुन सकेको छैन । शहरी क्षेत्रमा ९५ प्रतिशत परिवारहरु आधा धण्टा हिडेर नजिकको पक्की सडकमा पुग्दछन जबकि ग्रामीण क्षेत्रमा झण्डै दुई तिहाई परिवार १ घण्टा भन्दा बढी र २१ प्रतिशत परिवार तीन घण्टाभन्दा बढी हिडेर मात्र ग्रामीण कच्ची सडकमा पुग्दछन् । सडक निर्माणलाई विकासको पूर्वाधारको रुपमा लिईएको छ । पहाडी र हिमाली प्रदेशमा भएको न्यून सडक यातायातको विकासले देशको असन्तुलित विकास गराएको छ ।

हाम्रो देशमा अन्य रोजगारीका अवसरहरु नभएका कारण ८१ प्रतिशतभन्दा बढी ग्रामीण जनताहरु कृषिमा नै आश्रित रहेका छन् । जनसंख्याको भार दिन प्रतिदिन बढ्दै जानु, कृषि उत्पादनमा कमि आउनु, कृषिमा आधुनिक प्रबिधिको कमि आदिले कृषि क्षेत्र दिन प्रतिदिन समस्याग्रस्त हुँदै जानु र कृषिमा लाग्ने कृषक परिवारमा बेरोजगारीको स्थिति पैदा भएको छ । त्यसकारण बेरोजगार, अदक्ष कृषकहरु कामको खोजीमा क्रमशः शहरतिर प्रबेश गरिरहेका छन । ति बसाई सरेर आएका मध्ये कोहि उद्योग, कुनै कलकारखानामा काम गर्दछन् भने कोहि आफ्नै स्वतन्त्र पेशातिर लागेका छन् । त्यसमा भरियाहरु दोस्रो दर्जामा पर्दछन । अध्ययनको कमि वा उनीहरुको तथ्याङ्क लिने हालसम्म कुनै निकायले नगरेको हुँदा उनीहरुको संख्या कति छ भनी अनुमान मात्र गर्न सकिन्छ ।

प्राचीनकालमा दासहरुको जस्तो स्थिति थियो हालसम्म भरियाहरुको सामाजिक, आर्थिक स्थिति लगभग उस्तै अवस्थामा छ । उनीहरुसँग भएको श्रम

विहानदेखि बेलुका जतिखेर पनि बेच्न तयार हुन्छन तैपनी दिनरातको मेहनतबाट उनीहरु आफ्नो सानोभन्दा सानो आधारभूत आबश्यकता पूरा गर्न सक्दैनन् । यिनै श्रमिकहरुको हक र हितको लागि नेपालमा विभिन्न समयमा ऐन नियमको संसोधन र कार्यालय संघ-संगठनहरु खोलिएका छन । श्रमिकहरुलाई अन्तराष्ट्रिय स्तरको सुविधा र सहुलियत दिलाउन वि.सं. २०२३ मा ट्रेड युनियनको संगठनको स्थापना भएको हो । तर भरियाहरुको जिवन स्तरमा सुधार ल्याउन हालसम्म कुनै निकायले ध्यान दिएको छैन । उनीहरु अरु ठाँउका श्रमिकहरुभन्दा बढि घण्टा काम गर्दछन । कामको प्रबृत्ति दुबै खालेका श्रमिकहरुको समान छ । त्यसो भएतापनि उनीहरुले पाउने न्यून भन्दा न्यून सुविधा जस्तो जिवन बिमा कामको निश्चितता आदिबाट उनीहरु बञ्चित छन् ।

श्रमिकहरुको विषयमा विभिन्न सरकारी र गैर सरकारी निकायहरुबाट पनि थुप्रै अनुसन्धान र अध्ययनहरु भईराखेका छन जस्तो औद्योगिक श्रमिक, बाल श्रमिक, महिला श्रमिक इत्यादि । जति पनि ऐन नियमहरु बनेका छन औद्योगिक मजदुर र कलकारखानामा काम गर्ने मजदुरलाई मात्र ध्यानमा राखेर बनाइएका छन । “भरिया” भन्ने शब्दको वृहत परिभाषा कुनै पनि ऐन नियममा गरेको पाइदैन । श्रमिकहरुको विषयमा जे जति अध्ययन भएतापनि भरियाहरुको सामाजिक तथा आर्थिक स्थितिको अध्ययन हालसम्म कुनै स्वदेशी तथा विदेशी विद्धानहरुले गरेको पाइदैन । यो अध्ययन कीर्तिपुरमा अवस्थित भरियाहरुको सामाजिक, आर्थिक अवस्थाको अध्ययन हो ।

सारांशमा काम गर्ने भरियाहरुमध्ये संम्भाब्य नमूना छनोटको आधारमा उपलब्ध चालिस जना भरियाहरुलाई लिएर गरिएको अध्ययन हो । कीर्तिपुरमा अवस्थित भरियाहरुको सामाजिक, आर्थिक अवस्था कस्तो छ ? उनिहरुको पेशागत स्थिति कस्तो छ ? उनिहरुको समाजिक र पेशागत सामाजिक संम्बन्ध कस्तो छ र उनीहरुको स्थिति आज पनि किन यो अवस्थामा रहेको छ ? यसका कारणहरु के के हुन सक्दछ ? आदिबारे जानकारी दिन यस अध्ययनले मद्दत गरेको छ । देशमा दिन प्रतिदिन बढ्दै गएको गरीबि, बेरोजगारी आदिले गर्दा नेपालीहरुको जीवनस्तर क्रमशः गिर्दो अवस्थामा रहेको बिबरण विभिन्न राष्ट्रिय, अन्तराष्ट्रिय तथ्याङ्कहरुले देखाएका छन । यसरी नेपाली जनताहरुको खस्किदो जीवनस्तर र बेरोजगारीबाट उत्पन्न भएको भरियाहरुको आर्थिक, सामाजिक स्थिति, व्यक्तिलाई भरिया बनाउन मद्दत पुऱ्याउने कारणहरुलाई प्रष्ट्याउन यस अध्ययनको महत्व रहेको छ ।

अध्ययन क्षेत्र अन्तरर्गत कीर्तिपुरको पाँगा बसपार्क, नवांगाँउ दोवाटो, नयाँबजार, पाँगा दोबाटो गरी मुख्य कीर्तिपुर शहर बजारमा केन्द्रित छ । अध्ययन पद्दति अन्तर्गत छनोट बिधि र अध्ययनार्थ Accidental Sampling Technique

अपनाइएको छ । तथ्याङ्क संकलन प्रबिधिमा संख्यात्मक र गुणात्मक तथ्याङ्क, अन्तरर्वाता, अबलोकन आदिको माध्यमबाट प्राथमिक श्रोतबाट भरियाहरुका समस्याबारे जानकारी लिईएको छ । द्धितिय श्रोतको रुपमा अन्तराष्ट्रिय श्रम संगठन, विभिन्न गैर सरकारी संघ संगठनले गरेको सर्वेक्षणबाट तथ्याङ्क संकलन गरिएको छ ।

यस अध्ययनमा रहेका भरियाहरु अधिकासं पहाडी क्षेत्रका नै छन जसमा नुवाकोट जिल्लाका सबैभन्दा बढि छन । त्यसपछि क्रमशः काठमाण्डौं, धादिङ, मकवानपूर जिल्लाका गाउँका बासिन्दाहरु छन र यसमा पनि नुवाकोट र काठमाण्डौं जिल्लाका भरियाहरु बढी हुनुमा कीर्तिपुरबाट नजिक हुनु नै हुनपर्छ । संम्लग्न भरियाहरुको परिवार पनि अशिक्षित रहेको, आधा जसो भरिया आफैपनि अशिक्षित वा असाक्षर छन भने स्कुल गएर औपचारीक भर्ना नभएका तर आफ्नो नाम सम्म लेख्न जान्नेहरु पनि कुल चालिस जनामा सात जना रहेका छन । भरियाहरुमा उनिहरुको छोरा छोरी स्कुल अधिकासंले पठाउने गरेको पाईयो र बिहे नगरेका भरियाहरु पनि सन्तान प्रति चिन्तित रहेको देखियो ।

जग्गामा उनिहरुको स्वामित्वको बारेमा सबैभन्दा बढि करिब आधा जसो भरियाहरुको जग्गा समान रुपमा १ देखि ३ रोपनी को बिचमा रहेछ भने करिब एक चौथाई भरियाहरुको जग्गा ३ देखि ५ रोपनीको बिचमा भएको पाईयो । त्यसरी नै जग्गानै नहुनेहरु को स्थान पनि धेरै नै रहेछ । उनिहरुमा सबैभन्दा बढि भरियाहरु ३ देखि ६ महिना सम्म खान पुग्ने भरियाहरुको संख्या बढि पाईयो जुन उनिहरुको १ बर्षमा आधा खान पुगेको बुझिन्छ । भरियाहरुको सदस्यहरुको परिवार पुरै ज्याला मजदुरी पेशामै समावेश भएको देखियो । जसको कारण गाँउमा अन्य रोजगारीको अभाव, र उनिहरुसँग भएको शिक्षाको कमि नै यसको कारण हुन सक्छ । भरियाहरुको पहिलेको काम पनि गाउमा ज्यालादारी गर्नेहरु नै रहेछ ।

अध्ययनमा समाबेश भएका भरियाहरु मध्ये कुल संख्याको एक चौथाई ५ बर्ष भन्दा बढि समय देखि यो पेशामा कार्यरत रहेछन । जसको कारण अन्य कुनै पेशामा पँहुच नहुनु नै हो । यसरी भर्खरै यो पेशामा प्रबेश गरेका व्यक्तिहरु एकदम कम मात्रामा रहेछन भने उनिहरुको काम गर्ने, गराउने आधार आपसी समझदारी नै रहेछ । जसमा पैसा पाए जहाँ पनि जाने भरियाहरु अधिक मात्रामा पाईए त्यस्ता भरियाहरु शारीरिक रुपमा बलिया र कम उमेरका व्यक्तिहरु रहेछन भने उमेर पुगेका भरियाहरु नजिकमात्र काम गर्ने गरको देखियो ।

उनिहरुले काम गरे बापत मिल्ने पैसा आफैले माग्ने वा ग्राहक सँग पैसाको निर्णय गर्ने भरियाहरु कुल प्रतिशतको ३५ प्रतिशत पाईए भने अन्य निश्चित नहुनेहरु

रहेछन आधा जसो भरीयाहरु दिनमा २०० सम्म कमाउने गरेका, तर दैनिक रुपमा सो कमाउन नसकिने भनाई पनि उनिहरुको छ । उनिहरुको स्वास्थ्य स्थितिमा खास गरी रुघा, खोकि, ज्वरो जस्ता समस्याले सताउनुको साथै ढाड, कम्मर दुख्ने छाति दुख्ने, दम हुने, पेट दुख्ने, पखाला लाग्ने, टाउको खुट्टा दुख्ने तथा कतिपयलाई नपच्ने त्यस्तै गरी रिगटा लाग्ने गरेको पनि पाईयो । आधाजसो भरियाहरुलाई  काम गर्दाको अवस्थामा भन्दा नगर्दाको अवस्थामा घरको याद आउने गरको बताए जुन उनिहरु आफ्नो परिवार र समाजबाट टाढा भएको कारण हो भन्ने उनिहरुको रायबाट बुझ्न सकिन्छ । खास गरी भरियाहरु रक्सि खाएर काम गर्ने हुदाँ उनिहरु खालि हुदाँ प्राय: भट्टि पशलमा पाईए ।

उनिहरुको परिवार, नातागोताको, समाज, सहकर्मिको, ब्यापारीको संम्बन्धको बारेमा धेरै भरियाहरुलाई ज्ञान नभएको पाईयो भरियाहरुको स्थायि बसोबास गाँउमा र कामको लागि शहरमा आएको हुदाँ  उनिहरु आए देखि घर नजानेहरुको कुल संख्या बढि देखियो जसको कारण आर्थिक नै रहेछ  किनभने उनिहरु सँग घर लाने बचत पैसा नभएको कारण उनिहरु घर नगएका रहेछन केहि भरियाहरु जसका श्रीमति र घर आमा, बाबु, छोरा, छोरी छन उनिहरु चाडो-चाडो घर जाने गरेको र पैसा बचत गर्ने गरको पाईयो ।

कामदार साथिहरुसँगको उनिहरुको संम्बन्ध राम्रो बताउनेहरु कुल भरियाहरु कुल संख्याको १६ पाईए भने ठिकै हुनेहरु १४ जना रहेछन । प्राय: भरियाहरुलाई धेरै काम दिने भनेका ब्यापारी वर्ग भएको हुदाँ उनिहरुसँग भरियाहरुको संम्बन्ध एक, दुई जना भरिया बाहेक राम्रै संम्बन्ध राख्ने वा राख्न खोज्नेहरु पाईए भने बाहिरका ग्राहकहरु सँग काम गर्दाका कसै कसैले अलि हेप्न खोजेपनि अधिकाशले दाई भाई भनेर सम्बोधन गर्ने र उनिहरुलाई पनि आफुले राम्रै गरे जस्तो लाग्ने भरियाहरुको भनाई छ । धेरै जसो भरियाहरु साथिभाई सँग थोरै-थोरै  पैसा सापटि लिएर आफ्नो अप्ठ्यारो लाई केहि हदसम्म गुजारदो रहेछन । त्यस्तै गरी बिरामी परेको बेला अस्पताल लगेर सहयोग गरेको पाईयो ।

कीर्तिपुरका सम्रग भरियाहरुलाई भरियासँग संम्बन्धित संघ-संगठनको बारेमा त्यति धेरै थाहाँ नभएको र भएपनि न्यून संख्यामा केहि भरियाहरुले बाहिर छ रे भन्ने सुनेको बताए । उनिहरु मध्ये १ जना पनि कुनै संघ-संगठनको सदस्य नभएको पाईयो । कुनै पनि आधिकारीक निकायले उनिहरुलाई सदस्यता लिनको लागि भन्न सम्म नआएको देखियो ।

उत्तरदाताहरु मध्ये बढि जसोले आफ्नो गरीराखेको काम प्रति असन्तुष्टि प्रकट गरेका छन । यसका विभिन्न कारणहरुमा बढि मात्रामा शारीरिक कष्ट, निम्न सामाजिक प्रतिष्ठा, भविष्यमा कुनै वृत्तिविकास नहुने आदिले गर्दा उनिहरु हालको पेशाबाट सन्तुष्ट छैनन् । सोधिएका बढिले कामको असन्तुष्टि व्यक्त गर्दै आफ्नो ज्यानको ख्याल नगरी भारि बोक्नुपर्ने बिवशता पनि उनिहरुमा रहेको बताए ।

## ५.२ निष्कर्ष

बसाई-सराई भनेको जनसंख्या संम्बन्धि नियमित चलिरहने पक्रिया हो । यसको संम्बन्ध मुख्यतया सामाजिक, आर्थिक पक्षसँग छ । कृषियोग्य जमिनको अभाव, सिचाई अभाव, आधुनिक कृषि प्रविधिको कमि, विकास संम्बन्धि योजनाको अभावमा ग्रामिण समाजका वेरोगजार, गरिव व्यक्तिहरु आफ्नो सुखद भविष्यको आशामा शहर बजारतिर पलायन भैराखेका हुन्छन । उचित शिक्षा प्राविधिक ज्ञानको अभावमा आफुले सोचेजस्तो पेशा अपनाउन उनीहरु सक्षम हुदैनन र तिनै ज्ञानको अभावमा विभिन्न व्यक्तिहरुले भरिया पेशा अपनाएर बसेको पाइएको छ । उक्त व्यक्तिहरु मध्ये बढी मात्रामा भरियाहरु खानाको अभाव र ऋृणबाट ग्रस्त छन ।

त्यसकारण भरियाहरु निम्न सामाजिक स्तर र आर्थिक दृष्टिले पिछडिएका छन । भारी बोक्ने क्रममा चोटपटक लाग्नु त उनीहरुको लागि सामान्य दैनिक कार्यजस्तो भैसकेको छ । स्वास्थ्य उपचारको हिसावमा औषधि किनेर खानु अस्पतालमा जानु उनीहरुको लागि आर्थिक परिधिभन्दा बाहिर भएको बताउँछन । कामको निश्चितता नभएको यस पेशामा उनीहरु जुन बखत पनि आफ्नो श्रम बेच्न दिन र रात नभन्ने स्थिति छ । कामको निश्चितता नभएको कारण के थाहाँ फेरी काम पाउन कति दिन पर्खनुपर्ने बताउछन । अशिक्षा र अज्ञानताको कारण उनीहरुकै वरिपरि हुने घटनाहरु प्रति पनि उनीहरु अनभिज्ञ छन । उनीहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मालिक तथा अन्य सामाजिक संस्थाहरुबाट पनि ठगिएका छन । दुर्भाग्य भरियाहरुको समस्या, कठिन परिश्रम, अवरोधहरुको विषयमा कुनै संघ संघगठन छैन जसले उनीहरुको आवाज संम्बन्धित ठाउँमा पुऱ्याइदियोस ।

यसरी अन्य पेशाहरु मध्ये सबैभन्दा हेला र उपेक्षा गरिएको पेशाको रुपमा यस भरिया पेशालाई लिइएको पाइन्छ । अशिक्षा, अज्ञानताले आफ्नै पेशामा मात्र अलमलिने कारणहरुले गर्दा उनीहरु मौन रहेर बसेका छन । खेदको कुरा जतिपनि ठुल्ठुला जागरुक संघ-संस्थाले उनीहरुको कठिन परिश्रमको मूल्यलाई सुन्ने र बुझ्ने कोशिस पनि गरेको पाइदैन । दीनानुदीन बढदै गइरहेको शहरीकरण, आधुनिकिकरणको जमानमा पनि यस कीर्तिपुरमा तिनै समाजको अंगको रुपमा रहेको भरियाहरुको समस्या र भविष्यको बारेमा सुनिदिने को छ र ? कस्ले उनीहरुलाई संरक्षण गर्दछ ? यस अध्ययनबाट प्राप्त जानकारी नेपाल सरकार तथा अन्य गैर सरकारी संस्था आदिलाई भरियाहरु प्रति ध्यान आकिृष्ट गराउनको लागि साथै नेपालका ठुला-ठुला श्रमिक मजदुर संगठनहरु, जो श्रमिकहरुको हक हितको लागि नाराका साथ स्थापना भएका छन ति संस्थाहरुलाई पनि ब्युँझाउने हिसावले यस अध्ययनले महत्व राख्दछ ।

## ५.३ सुझाबहरु

यो गरिएको अध्ययनको आधारमा भरियाहरुको स्तर उकास्न संध, संगठन, तथा ऐन नियमसँग संम्बद्ध व्यक्तिहरुलाई निम्न सुझाब दिन चाहान्छु ।

- हालको अवस्थासम्म पनि यस प्रकारका श्रमिकहरुको संम्बन्धमा कुनै ऐन पाईदैन । यहि ऐन र नियमका अभावमा भरियाहरुको स्थिति झन-झन दयनिय बनेको छ । त्यसकारण निश्चित कानूनी बिधानको रचना गरि यस्ता स्वरोजगार व्यक्तिहरुको आर्थिक स्थितिलाई सुधार गर्न तयार पार्नुपर्ने हुन्छ ।

- भरियाहरुको ज्यालाको बिषयमा दर तोकिएको छैन । त्यसकारण ग्राहक र भरियाबिच लामो कुराकानि पछि मात्र यो तय गरिन्छ । यसमा भरिया पक्ष कमजोर हुने हुँदा सधै ठगिने गर्दछन तसर्थ संम्बन्धित पक्षले निश्चित दुरी अनुसार निश्चित ज्याला पाउनै पर्ने गरी ज्यालादर तोकिदिनु जरुरी देखिन्छ ।

- संम्बन्धित अधिकार प्राप्त संध, संगठनलाई यो कुराको पनि अनुरोध गरेको छु भरियाहरुलाई पनि कुनै संध, संगठनको तथा यूनियनको सुविधाहरु प्राप्त होस जसले उनिहरुको आवाज र अधिकारको लागि आफै जागरुक हुन सकुन ।

- भारि बोक्नुपर्दा बढि मात्रामा शारिरीक परिश्रम गर्नुपर्ने जसले गर्दा ज्यादा शारिरीक कष्ट, खुट्टा दुख्ने, ढाड दुख्ने, तथा अन्य स्वास प्रश्वास संम्बन्धि गडबढि पाईएको छ । त्यसकारण यस अध्ययन मार्फत सरकारी संम्बन्धित निकाय वा गैर सरकारी, सरकारी संस्थालाई उनीहरुको स्वास्थ्य परिक्षण र औषधि वितरणको लागि कम मूल्यमा वा निःशुल्क रुपमा परिक्षण गराउने ब्यबस्था गर्नको लागि सुझाब पेश गरेको छु ।

- हाल बढदै गएको सड्क दुर्घटनाहरुलाई ध्यानमा राखेर, सडकहरुमा उचित ब्यबस्था गर्नुपर्ने राय पेश गरेको छु । पेटिहरुको हालको अवस्था साह्रैं जिर्ण भएको, पेटीमा मोटर पार्किङ गर्ने प्रवृति, सामान खाध बस्तुहरु फलफुल पेटिमा राख्ने प्रवृतिले बाध्य भई भरियाहरु सडकबाट हिडनुपर्ने हुन्छ । तसर्थ भरियाहरुलाई तथा अन्य पैदल यात्रिहरुलाई पनि ध्यानमा राखेर सडक तथा पेटीहरुतिर उचित प्रबन्ध मिलाउन ट्राफिक पुलिस र सडक बिभागलाई उचित ब्यबस्था गर्ने सुझाब पेश गरेको छु ।

- सडकमा बढदो यातायात र पेटीको पनि असंगठित ब्यबस्थाले गर्दा भरियाहरुको जीवन साह्रैं नै कष्टपूर्ण र खतरापूर्ण छ । त्यसकारण सरकार सँग निबेदन यो छ कि उनीहरुलाई यस पेशाबाट हटाएर अन्य कुनैपनि पेशामा संलग्न गराउनको लागि सिफारिस गरीएको छ । यस अध्ययनबाट पनि प्रष्ट रुपमा यहि देखिएको छ कि यस पेशा बाट बढि जसो भरियाहरु सन्तुष्ट छैनन र उनिहरु जतिसक्दो चाडो अर्को कुनै पनि पेशामा लाग्न तयार छन ।

- भरिया श्रमिक जुन हाम्रै समाजमा बाचिरहेका छन । उनिहरुको सामाजिक, आर्थिक स्थिति केहि मात्रामा यस अध्ययन बाट बुझिएको छ तर संम्बन्धित अन्य संगठन, संस्थाहरुबाट पनि यस संम्बन्धि अनुसन्धान गहिरिएर गर्न आबश्यक छ जसले गर्दा ऐन, कानूनको निमार्णमा यस पक्षहरुलाई बिशेष रुपमा समेटन सकियोस ।

# सन्दर्भगन्थ सूची

**अन्तराष्ट्रिय मजदुर संगठन**, १९८५, पेज नं ३७ ।

उपाध्य उमेश, (२०६०) भदौ, **श्रमिक खवर** ,आर्थिक संसार, बर्ष ४, पुणाङ्क ५ ।

काफ्ले कलाधर र शर्मा मुक्तिनाथ, (२०५१) **नेपालमा ग्रामिण विकासका अवधारणा**, शारदा प्रकाशन काठमाण्डौं ।

गौतम नवराज, लामा कृष्ण कुमार, (२०४०) **मजदुर सन्देश,** (सम्पादकीय) अंक ३ ।

लामा कृष्ण कुमार, (२०४१) असोज, **मजदुर आवाज,** नेपाल श्रमिक प्रत्रिका द्वैमासिक ।

चन्दना आर. सी. (२००१) **जनसंख्या भूगोल**, कल्याणी पब्लिसर्स भारत ।

दिक्षित, कनकमणि (२०५२) विभिन्न अर्थतन्त्रको जिउदो तस्वीर नेपाली भरिया : हिमाल एशोशियसन अङ्क ४, बर्ष ५, पाटनढोका ललितपुर ।

डा. ठाकुर रामानन्द, (२०५२) **नेपालको अर्थशास्त्र**, राजेश प्रकाशन वाराणशी ।

न्यौपाने भिम, (२०५४) **नेपालमा वेरोजगारी र गरीवी समस्या र सम्भावनाहरु** ।

भट्ट, विजय राज, (२०५९) असार, **पोखराका मजदुरहरुको अध्ययन**, स्नाकोत्तर तहको आंशिक आबश्यकता परिपुर्तिको लागी समाजशास्त्र, मानवशास्त्र केन्द्रिय विभाग त्रिभुवन विश्वविधालय कीर्तिपुरमा प्रस्तुत शोधपत्र, काठमाण्डौं नेपाल ।

लामा, कृष्ण कुमार, (२०४२) साउन, **मजदुर खवर** ।

सैजु, विजय, (२०५१) **बाल वातावरण**, द्वैमासिक, कार्तिक, मंसिर ।

सरु, २०५४, **नौलो आयाम** बर्ष २, पुर्णाङ्क ६ ।

श्रेष्ठ, रिमा, (२०५४) असोज, **काठमाण्डौंको मजदुरहरुको अध्ययन**, स्नाकोत्तर तहको आंशिक आबश्यकता परिपुर्तिको लागी समाजशास्त्र, मानवशास्त्र केन्द्रिय विभाग त्रिभुवन विश्वविधालय कीर्तिपुरमा प्रस्तुत शोधपत्र, काठमाण्डौं नेपाल ।

Adhikari, Achyut Nath. (2001) **"Socio–Economic Status of Casino Labour in Nepal**" Unpublished Dissertation for M.A. Degree Submitted to Central Department of Economic,T.U., kirtipur .

Bhattarai, Krishna P. **(**1998)**"Socio–Economic Development in Nepal" with respect to plans Perspective"** Unpublished Dissertation for M.A. Degree Submitted to Central Department of Economic T.U., kirtipur .

Bouge, D.J.( 1996) **Principle of Demography**, New York .

Chettri, R.B.( 1987) Migration, Adaptation and Socio–Culture Change: **The Case study of Thakali in Pokhara**. Occasional Paper in Sociology and Anthropology, Vol.1:43–68 ,central Department of sociology and Anthropology, TU Kirtipur.

Deshai, Vandana (1994**)** Migration and Labour Characteristics of Slum Dwellers in Bomboy in **Sociological Bulleten** .

Khanal, Prativa (1996) Socio–**Economic Condition of Industrial Workers A Case Study of Balaju Industrial District** . Unpublished Dissertation for M.A. Degree Submitted to Central Department of Economic T.U., kirtipur .

MC , Diarmid (1977) **Unskilled Labour For Development** .

Mukerjee, Rabindra Nath **(**1988) **Social Though ,** Vivek Prakashan Delhi.

Poudel, Mehar Man **(**1986)**"Drive Against Poverty"** Ultra Research Centre Kathmandu.

Rai, Tika Ram (1980) "**Population growth and Employment Problem in Nepal**".

Rai, Deepak Kiran (2006) "**Nepalese Migrants In Sikkim ": A Case Study of Life and Work of Nepalese Labour Migrants of Jorethang Bazaar In Sikkim"** Unpublished Dissertation for M.A. Degree Submitted to Central Department of Sociology and Anthropology, T.U., kirtipur .

Reynolds L. Loyd (1978) **Labour Economics and Labour Relations**,7th edtion,Yale University, Preentics Hall of India (P)Ltd. New Delhi .

Sthatpit, H.(1984) **A Case Study of Socio-Economic Characteristics of Industrial Labour in Nepal**, Unpublished Dissertation for M.A. Degree Submitted to Central Department of Economic,T.U.

Taylor, Lee (1968) Urban–Rural Problems.

Thapa, Y.S. and Tiwari P.N.(1977) **In Migrate on Pattern in Kathmandu Urban Areas**, CEDA, Kathmandu.

Thieme, S.(2003) Saving and Credit Association and Remmittance. The case of Far west Nepalese Labour Migrants in Delhi, India. ILO, Geneveva.

Todaro, M.P.(1969) A **Model of Labour Migration and Urban Employment in Less Developed countries**, American Economics Review, Vol.59:138-148.

Todaro, M.P. (1997) **Economics Development Theories and Practices**.

# अनुसुचि १

## अन्तवार्ता प्रश्नावली

"कीर्तिपुरमा अवस्थित भरियाहरुको सामाजिक, आर्थिक र पेशागत अवस्थाको अध्ययन"

उत्तरदाताको नाम, थरः.......................................

हालको ठेगानाः.................................................

**(क) सामाजिक, आर्थिक पृष्ठभूमि संम्बन्धित**

१.१ तपाईको स्थायी बसोबास कहाँ हो ?
जिल्लाः....................................

१.२ तपाई आफ्नो ठाँउबाट किन बसाई सर्नुभएको ?
......................................................

१.३ कामको लागि एक्लै हो वा स-परिवार हो ?

.................................................

१.४ भरियाहरुको परिवारको बिवरण

| क.स. | उत्तरदातासँगको नाता | उमेर | लिङ्ग | साक्षरता | पेशा | हालको बसाई |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

१.५ तपाईका छोरा, छोरी स्कुल जान्छन ?

छोराः जान्छन/जादैनन

छोरीः जान्छन/जादैनन

१.६ यदि स्कुल नजाने भए किन नपठाएको ?

छोरा नजाने भए किन ?

............................

छोरी नजाने भए किन ?

............................

दुबै नजाने भए किन ?

............................

१.७ तपाईको जग्गा जमिन छ, छैन ?

...................................

१.८ छ भने कति छ ?

..................

१.९ आफ्नै खेतिको कमाईले बर्षमा तपाईको परिवारलाई कति महिना खान पुग्छ ?

..........................................................................................

१.१० तपाईको परिवारको आम्दानीको श्रोतहरु ?

| क.स. | आम्दानीको मुख्य श्रोतहरु | क्रमाङ्क (ठुलो बाट सानो) |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

१.११ तपाई पहिला के काम गर्नुहुन्थ्यो ?

.................................................

१.१२ पहिलेको काम छाड्नु भएको छ वा छैन ?

.................................................

१.१३ तपाईलाई बसाई-सराई गरेको स्थानमा काम गर्न सजिलो छ वा पहिलेको ठाँउमा ?

..........................................................................................

१.१४ तपाईले भरिया पेशा किन रोज्नु भएको ?

..........................................................................

**(ख) भरिया पेशा सँग संम्बन्धित**

१.१ यो काममा लागेको कति भयो ?

..................................

१.२ तपाईको काम गर्ने ठाँउ कहाँ हो ?

......................................

१.३ दैनिक काम कसरी पाउनुहुन्छ ?

...................................

१.४ काम गराउनेले तपाईलाई कुन आधारमा काम गराउछन ?

....................................................................

१.५ भारी बोक्ने निश्चित ठाँउ छ कि छैन ?

............................................

१.६ भारी बोक्दा कति सम्म टाढा पुऱ्याउनुहुन्छ ?

..................................................

१.७ काममा कति बेला आउनुहुन्छ ? कति बेला जानुहुन्छ ?

...............................................................

१.८ तपाई दैनिक कति घन्टा काम गर्नुहुन्छ ?

...........................................

१.९ तपाईलाई काम लगाएबाफत कति पैसा दिने भन्ने निर्णय कसले गर्छ ?

................................................................................

१.१० सहमतिका आधारहरु के, के हुन ?

....................................

१.११ तपाईलाई काम दिनेले कस्तो ब्यबहार गर्छन त ?

........................................................

१.१२ तपाई उनिहरुलाई कस्तो ब्यबहार गर्नुहुन्छ ?

..................................................

१.१३ कामको लागि साथिभाई सँग झगडा हुन्छ होलानी ?

...........................................................

१.१४ भरिया पेशाबाट दैनिक कति कमाई हुन्छ ?

...............................................

१.१५ तपाईको कमाईले घर परिवारलाई खान पुग्छ ?

...................................................

१.१७ बचत पनि गर्नु भएको छ कि ?

.................................

१.१८ तपाईलाई भरियामजदुरी गर्दा कत्तिको दुखः हुन्छ ?

........................................................

१.१९ बिरामी पनि हुनु हुन्छ होलानी ?

..................................

१.२० हुनुहुन्छ भने प्रायः कस्तो बिरामी हुनुहुन्छ ?.

................................................

१.२१ काम गर्दा र खाली बस्दा कस्तो अनुभव हुन्छ ?.

.....................................................

१.२२ भरिया पेशामा देखिएका अप्ठाराहरु (चुनौतिहरु) के के हुन जस्तो लाग्छ ?

........................................................................................

**(ग) भरियाहरुको सामाजिक र पेशागत संम्बन्धको बारेमा**

१.१ तपाई परिवार सँग कति समय बिताउनुहुन्छ ?

..................................................

१.२ नातागोता सँग कत्तिको भेटघाट हुन्छ ?

..........................................

१.३ आफ्नो कामदार साथिसँग कस्तो संम्बन्ध छ ?

................................................

१.४ कसैले तपाईलाई अप्ठारो परेको बेलामा सहयोग गरेका छन त ? गरेका छन भने कस्तो ?

.......................................................................................

१.५ तपाईले कसैलाई सहयोग गर्नु भएको छ ? गर्नु भएको छ भने कस्तो ?

..............................................................................

१.६ भारी बोक्ने काममा ब्यापारीको कस्तो सहयोग हुन्छ ?

.....................................................

१.७ ब्यापारीहरु सँग कस्तो संम्बन्ध छ ?

....................................

१.८ तपाईलाई भरियासँग संम्बन्धित कुनै संध-संगठनको बारेमा थाहाँ छ ?

.............................................................................

१.९ सदस्य हुनुहुन्छ कि हुनुहुन्न ?

............................

१.१० हुनुहुन्छ भने सदस्य भएर के फाईदा छ त ?

...............................................

१.११ हुनुहुन्न भने कसैले हुनुपर्छ भनेर भनेका छैनन ?

.....................................................

१.१२ बन्द हडतालमा कत्तिको हिडनु हुन्छ ? हिडनुहुन्छ भने के काम गर्नुहुन्छ ?

....................................................................................

१.१३ तपाई यो कामबाट आत्मसन्तुष्ट हुनुहुन्छ ?

..........................................

**समाप्त**